नीति पत्र

वर्ष ४, अङ्क २, वैशाख २०७१


# सङ्घीय लोकतान्त्रिक व्यवस्थामा सुरक्षा निकायहरूको भूमिका र संरचना

Nepal
Institute for
Policy
Studies

Nepal Institute for Policy Studies (NIPS)

• परिचय • सुरक्षा निकायको पुन:संरचनाको आवश्यकता
• अन्तर्राष्ट्रिय अभ्यास • अन्तर्राष्ट्रिय अभ्यासहरूबाट लिन सकिने शिक्षा
• सरकारी पहल र राजनीतिक दलका धारणा
• सङ्घीय लोकतान्त्रिक गणतन्त्र नेपालमा सुरक्षा निकायको भूमिका र संरचना
• सङ्घीय प्रणालीमा सुरक्षा चुनौती • सुझावहरू

## परिचय

नेपालको अन्तरिम संविधान, २०६३ को चौथो संशोधनमार्फत २०६४ पुस १३ गते नेपाललाई सङ्घीय लोकतान्त्रिक गणतन्त्र घोषणा गरियो । पहिलो संविधानसभाको पहिलो बैठकले २०६५ जेठ १५ गते गणतन्त्रको घोषणालाई औपचारिक रूपमा कार्यान्वयन गऱ्यो ।[1] अन्तरिम संविधान, २०६३ ले राज्य पुनःसंरचनाको प्रगतिशील अवधारणालाई संस्थागत गऱ्यो। अन्तरिम संविधानको धारा १३८(१) ले नेपाल सङ्घीय लोकतान्त्रिक गणतन्त्र भएको उल्लेख गर्दै संविधासभाबाट सङ्घीय राज्यहरू निर्धारण गर्ने उल्लेख गरेको छ । सङ्घीयताको विषय नेपालको राजनीतिक परिदृश्यमा केही सयमदेखि बहसमा थियो । २०६३ र २०६४ सालको मधेस आन्दोलनपछि नेपाललाई सङ्घीय राज्य घोषणा गरिएको थियो । मधेस आन्दोलन पूर्व २०५२ सालमा नै नेकपा (माओवादी) ले आफ्नो ४० बुँदे मागमा सङ्घीयता पनि समावेश गरेको थियो । एक दशक लामो सशस्त्र द्वन्द्वमा सङ्घीयता माओवादीको प्रमुख कार्यसूची रहेपनि २०६३ को मधेस आन्दोलनपछि मात्र सङ्घीयताको मुद्दाले राष्ट्रिय राजनीतिमा प्रमुखता पाएको थियो । र नेपाली काङ्ग्रेस, नेकपा (एमाले) र तत्कालीन नेकपा (माओवादी) लगायतका प्रमुख दल जनताको आकाङ्क्षाअनुरुप नेपाललाई सङ्घीय लोकतान्त्रिक गणतन्त्र घोषणा गर्न सहमत भएका थिए ।

नेपाल सङ्घीय लोकतान्त्रिक गणतन्त्रात्मक राज्य घोषित भइसकेको पृष्ठभूमिमा परिवर्तित सन्दर्भमा नेपालका चार सुरक्षा निकाय (नेपाली सेना, नेपाल प्रहरी, सशस्त्र प्रहरी बल र राष्ट्रिय अनुसन्धान विभाग) को भूमिका र संरचना प्रस्ट रूपमा निर्दिष्ट गरिनु जरुरी छ । केन्द्रीय र प्रदेश सरकारका संरचना, भूमिका र अधिकार निर्धारण तथा उनीहरूबीच क्षेत्राधिकार सीमाङ्कन गरिँदा विद्यमान सुरक्षा निकायहरुको भूमिका र संरचना केन्द्र र प्रदेशको भौगोलिक अवस्था, सुरक्षा चुनौती र प्राथमिकताअनुसार स्वभाविकरूपमा परिर्वतन हुनेछन् । विद्यमान सुरक्षा निकायको भूमिका तथा संरचनालाई स्पष्ट व्याख्या नगरी देश सङ्घीय संरचनामा प्रवेश गऱ्यो भने सुरक्षाको दृष्टिकोणले थप जोखिमपूर्ण स्थितिको सामना गर्नु पर्ने हुनसक्छ । उक्त परिवर्तनहरुको व्यापक प्रभाव राष्ट्रिय सुरक्षामा समेत पर्नेछ । नेपालले जुनसुकै सङ्घीय विधि र मोडेल अङ्गीकार गरे पनि सुरक्षा निकायले देशको नयाँ शासन प्रणालीअनुरुप आफ्ना मुख्य जिम्मेवारीहरुमा वाधा नपुऱ्याइ आफ्ना परम्परागत संरचना र कार्यशैलीमा परिवर्तन ल्याउनु पर्छ ।

यद्यपि सरोकारवालाहरूबीच सङ्घीय व्यवस्थामा सुरक्षा निकायहरुको भूमिका तथा संरचना निर्धारणसम्बन्धी पर्याप्त बहस र छलफल भएका छैनन् । त्यसैले प्रस्तुत नीतिपत्रमार्फत सङ्घीय व्यवस्थामा सुरक्षा निकायहरुको भूमिका तथा संरचना पुनःपरिभाषित गर्ने प्रक्रियाका विभिन्न आयाममाथि व्यापक बहस प्रारम्भ गर्ने प्रयास गरिएको छ । यस नीतिपत्रलाई आठ खण्डमा विभाजन गरिएको छ । पहिलो खण्डले सुरक्षा निकायहरुको विद्यमान भूमिका तथा संरचनाका बारेमा चर्चा गरेको छ। दोस्रो खण्डमा सुरक्षा निकायहरुको पुनःसंरचनाको औचित्यबारे छलफल गरिएको छ । त्यसैगरी तेस्रो खण्डमा सुरक्षा निकायहरुको अन्तर्राष्ट्रिय सङ्घीय अभ्यासको चर्चा गरिएको छ । साथै उक्त अभ्यासबाट ग्रहण गर्न सकिने शिक्षाबारे चौथो खण्डमा चर्चा गरिएको छ । पाँचौं खण्डमा सुरक्षा निकायको पुनःसंरचनाका लागि सरकारी स्तरबाट भएका प्रयास उल्लेख गरिएको छ। साथै, यस खण्डमा सुरक्षा निकायहरुको पुनःसंरचनामा प्रमुख राजनीतिक दलहरूले व्यक्त गरेका प्रतिबद्धतालाई पनि समावेश गरिएको छ । नीतिपत्रको छैटौं खण्डमा सङ्घीय संरचनामा सुरक्षा निकायहरुको प्रस्तावित भूमिका तथा संरचनाबारे गहन छलफल गरिएको छ । यसैगरी सातौं खण्डमा सङ्घीय राष्ट्रका रूपमा नेपालले सामना गर्नुपर्ने चुनौतीहरूबारे चर्चा गरिएको छ । र, आठौं खण्डमा केही सुझावहरु प्रस्तुत गरिएका छन् ।

१ 'फेडेरल डेमोक्रेटिक रिपब्लिक अफ नेपाल', *दी काठमान्डू पोस्ट,* १५ जेठ, २०६५ ।

## १. विद्यमान सुरक्षा निकाय र उनीहरुको भूमिका

सुरक्षा निकायहरुसँगको समन्वय र परामर्शमा रक्षा मन्त्रालय, गृह मन्त्रालय र राष्ट्रिय सुरक्षा परिषद्ले राष्ट्रिय सुरक्षा नीति निर्माणको भूमिका निर्वाह गर्दै आएका छन् । आन्तरिक सुरक्षाका लागि जिम्मेवार गृह मन्त्रालयअन्तर्गत नेपाल प्रहरी, सशस्त्र प्रहरी बल र राष्ट्रिय अनुसन्धान विभाग रहेका छन् । गृह मन्त्रालय, रक्षा मन्त्रालय र राष्ट्रिय सुरक्षा परिषद्बाहेक न्यायालय र महान्याधिवक्ताको कार्यालयहरूले पनि कानुन कार्यान्वयन गरी न्याय सुनिश्चित गर्न र दोषीलाई सजाय दिने कार्यमा उल्लेख्य भूमिका निर्वाह गरेका हुन्छन् ।

राष्ट्रिय सुरक्षा नीति निर्माण र समाजमा शान्ति-सुव्यवस्था कायम गर्ने गहन जिम्मेवारी भएका माथि उल्लेखित चार वटा सुरक्षा निकायहरुको विद्यमान भूमिका र संरचना यसप्रकार रहेको छः-

### नेपाली सेना

नेपाली सेनाको प्रमुख दायित्व राष्ट्रिय एकता, भौगोलिक अखण्डता, राष्ट्रिय स्वतन्त्रता र जनताको सार्वभौमसत्ताको संरक्षण गर्नु हो । सैनिक ऐन, २०६३ को धारा ४ मा राष्ट्रिय एकता, भौगोलिक अखण्डता, राष्ट्रिय स्वतन्त्रता र जनताको सार्वभौमसत्ताको रक्षा गर्नु नै नेपाली सेनाको प्रमुख दायित्व भएको उल्लेख गरिएको छ । नेपाली सेनाले राष्ट्रिय सुरक्षाबाहेकका अन्य क्षेत्रमा पनि योगदान पुऱ्याउँदै आएको छ । विशेषगरी विकास-निर्माण, पूर्वाधार विकास, वातावरण संरक्षण, राष्ट्रिय निकुञ्ज तथा वन्यजन्तु आरक्ष, प्राकृतिक प्रकोप तथा विपद् व्यवस्थापनका साथै संयुक्त राष्ट्रसङ्घमार्फत अन्तर्राष्ट्रिय शान्ति स्थापना कार्यमा पनि नेपाली सेनाले विशिष्ट योगदान गर्दै आएको छ ।[२] यस अतिरिक्त नेपाली सेनालाई विकास, वन तथा पर्यावरण सुरक्षाको जिम्मेवारी पनि थप गरिएको छ ।

#### *नेपाली सेनाको वर्तमान भूमिका*[३]

- भौगोलिक अखण्डताको संरक्षण
- आन्तरिक द्वन्द्वका समयमा परिचालन
- सडक, पुल तथा अन्य महत्वपूर्ण क्षेत्रको निर्माणजस्ता विकास कार्य
- राष्ट्रिय निकुञ्ज, वन्यजन्तु आरक्ष र प्रकृति संरक्षण
- विपद् व्यवस्थापन
- राष्ट्रसङ्घीय शान्ति स्थापना कार्यमा सहभागिता
- विमानस्थल, सीमा क्षेत्र, बैङ्क, रकम स्थानान्तरण, टेलिफोन टावर, रिले स्टेसन आदि महत्वपूर्ण स्थान तथा क्षेत्रको सुरक्षा र संरक्षण ।

नेपालको अन्तरिम संविधान २०६३ को धारा १४५ ले नेपाली सेनाको परिचालन तथा सञ्चालनका लागि प्रधानमन्त्रीको अध्यक्षतामा राष्ट्रिय सुरक्षा परिषद्को व्यवस्था गरेको छ । प्रधानसेनापतिको नियुक्ति (धारा १४४(२)) र नेपाली सेनाको नियन्त्रण, परिचालन र व्यवस्थापन (धारा १४४(३)) दुवै मन्त्रिपरिषद्को जिम्मेवारी हो ।[४]

नेपाली सेनाको सङ्गठनात्मक संरचना नेपालको अन्तरिम संविधान, २०६३, सैनिक ऐन, २०६३ र क्रमिकरुपमा बनेका नियमावलीहरुमा आधारित छ ।[५] मन्त्रिपरिषद्को सिफारिसमा राष्ट्रपतिद्वारा नियुक्त गरिएका प्रधानसेनापति नेपाली सेनाका प्रमुख हुन् । वर्तमान संरचनाअनुसार

२ श्रेष्ठ, बि., *नेपाली सेनाः संक्षिप्त परिचय,* काठमाडौं, नेपाली सेना जङ्गी अड्डा, २०६४ ।
३ नेपाली सेनाको वेबसाइटः http://www.nepalarmy.mil.np
४ नेपालको अन्तरिम संविधान, २०६३ ।
५ आचार्य, नरहरि, *नेपाली सेक्युरिटी सेक्टरः अ कलेक्सन* मा 'नेपाली आर्मी', सापकोटा, विष्णु, (सं.), नेपाल पिस क्याम्पेन, नेपाल, २०६७, पृष्ठ १४९-१६७ ।

नेपाली सेनामा ६ महानिर्देशनालय र २२ निर्देशनालय छन् । यसअघि नेपाली सेनामा चार महानिर्देशनालय र १३ निर्देशनालय थिए । सैनिक हवाई महानिर्देशनालय र राष्ट्रिय विकास तथा सुरक्षा महानिर्देशनालय र अन्य नौ वटा निर्देशनालय नेपाली सेनामा थप गरिएको हो । पाँचै विकास क्षेत्र र काठमाडौं उपत्यका समेट्ने गरी नेपाली सेनामा ६ वटा पृतना सहित १७ वाहिनी छन् । नेपाली सेनाको वर्तमान सङ्गठनात्मक संरचना यसप्रकार छः[६]

## नेपाली सेनाको सङ्गठनात्मक संरचना




६ नेपाली सेनाको वेबसाइटः http://www.nepalarmy.mil.np

## नेपाल प्रहरी

### *नेपाल प्रहरीको वर्तमान भूमिका* [७]

- सार्वजनिक सुरक्षामा कानुन कार्यान्वयन
- जनताको जिउ-धनको सुरक्षा
- मानव तथा जनताका अधिकारको संरक्षण तथा सम्वर्द्धन
- अपराध नियन्त्रण तथा अनुसन्धान
- ट्राफिक नियमको कार्यान्वयन
- अति महत्वपूर्ण प्रतिष्ठान, विशिष्ट व्यक्ति, विकास पूर्वाधार र सार्वजनिक महत्वका वस्तुहरूको सुरक्षा
- विपत्ति तथा प्राकृतिक प्रकोपका समयमा उद्धार तथा सुरक्षा ।

सार्वजनिक सुव्यवस्था, अपराध अनुसन्धान तथा नियन्त्रण, जनधनको संरक्षण, आकस्मिक उद्धार तथा राहत जस्ता दायित्व भएकाले नेपाल प्रहरीको क्षेत्राधिकार बृहद् छ । नेपाल प्रहरी सार्वजनिक सुरक्षाको जिम्मेवारी बहन गर्ने प्रमुख निकाय भएकाले समाजमा शान्ति तथा सुरक्षा कायम गर्ने सम्पूर्ण जिम्मेवारी नेपाल प्रहरीको हो । नेपाल प्रहरीको प्राथमिक कार्य सङ्गठित अपराध नियन्त्रण गर्नु, शान्ति तथा सुव्यवस्था कायम गर्नु, दोषी, अपराधी र संदिग्धलाई कार्यवाही तथा अपराध अनुसन्धान गर्नु हो । नेपाल प्रहरी गृह मन्त्रालयअन्तर्गत रहन्छ । आन्तरिक सुरक्षाका लागि गृह मन्त्रालय प्रमुख सरकारी निकाय हो भने न्यायालय, संसद् र मानव अधिकार आयोग सुपरिवेक्षण गर्ने निकाय हुन् । प्रहरी प्रधान कार्यालयले प्रहरी बललाई नियन्त्रण तथा निर्देशन गर्दछ । नेपाल प्रहरी तुलनात्मक रूपमा जटिल संरचना भएको देशको एक अन्यन्त ठूलो सङ्गठन हो । नेपाल प्रहरीमा चार विभाग छन्- प्रशासन विभाग, मानवस्रोत विभाग, अपराध अनुसन्धान विभाग र कार्य विभाग । प्रहरी महानिरीक्षक नेपाल प्रहरीका प्रमुख हुन् । प्रत्येक विभागको प्रमुख प्रहरी अतिरिक्त महानिरीक्षक हुन्छन् । नेपाल प्रहरीको सङ्ठनात्मक संरचना यसप्रकार छ :

### नेपाल प्रहरीको सङ्गठनात्मक संरचना[८]




७ राई, इन्द्रजीत, *नेपालको सुरक्षाका नयाँ चुनौती* मा 'सङ्घीय संरचनामा सुरक्षा निकायको भूमिका र अन्तरसम्बन्ध', भट्टराई, राजन र वाग्ले, गेजा एस., (सं.), नेपाल नीति अध्ययन प्रतिष्ठान, २०६७ ।

८ नेपाल प्रहरीको वेबसाइटबाट प्राप्त जानकारीका आधारमा नेपाल नीति अध्ययन प्रतिष्ठानद्वारा तयार पारिएको ।

## सशस्त्र प्रहरी बल

### *सशस्त्र प्रहरी बलको वर्तमान भूमिका*

सशस्त्र प्रहरी ऐन, २०५८ को दफा ६(१) अनुसार सशस्त्र प्रहरी बललाई निम्न लिखित जिम्मेवारीका लागि परिचालन गर्न सकिन्छ :

- जनताको जिउ-धन रक्षार्थ देशभित्रको सशस्त्र सङ्घर्ष नियन्त्रण गर्न
- देशभित्र सशस्त्र विद्रोह वा पृथकतावादी गतिविधि नियन्त्रण गर्न
- देशभित्र आतङ्ककारी गतिविधि नियन्त्रण गर्न
- देशभित्र दङ्गा नियन्त्रण गर्न
- प्राकृतिक प्रकोप वा महामारीका पीडितहरूको उद्धारमा सहयोग पुऱ्याउन
- नेपाली नागरिक वा अरू कसैको अपहरण भएमा अपहरितको उद्धार गर्न वा कुनै जघन्य र गम्भीर अपराध वा गम्भीर प्रकृतिको अशान्ति भए वा हुने आशङ्का भए त्यसलाई नियन्त्रण गर्न
- देशको सीमा सुरक्षा गर्न
- बाह्य आक्रमण भएमा नेपाली सेनालाई सहयोग गर्न
- सशस्त्र प्रहरी ऐनको दफा २४(२) अनुसार सशस्त्र प्रहरी अधिकृतले आपराधिक गतिविधिमा संलग्न भएको आशङ्कामा कुनै पनि व्यक्तिलाई पक्राउ गरी स्थानीय प्रहरीलाई सुम्पन सक्नेछ
- नेपाल सरकारले तोकेका सार्वजनिक महत्वका भवन, संरचना र अन्य स्थलको सुरक्षा गर्न ।

बढ्दो हत्या-हिंसाको शृङ्खला तथा आन्तरिक सशस्त्र द्वन्द्व नियन्त्रण गर्न सशस्त्र प्रहरी बलको स्थापना २०५८ मा भएको थियो । आतङ्कवाद, पृथकतावाद, आन्तरिक द्वन्द्व तथा विद्रोह र साम्प्रदायिक दङ्गा, सीमा सुरक्षा जस्ता शान्ति र सुरक्षाका दृष्टिले जटिल चुनौतीको सामना गर्नु पनि सशस्त्र प्रहरीको प्रमुख दायित्व हो । सशस्त्र प्रहरी बल ऐन २०५८ सालमा र नियमावली २०६० सालमा जारी गरिएको थियो । सशस्त्र प्रहरी ऐनको परिच्छेद-२ मा उल्लेख गरिएको छ - अर्ध सैन्य प्रकृतिको सशस्त्र प्रहरी बल देश र जनताको सुरक्षाका लागि समर्पित भई युद्धको लागि सधैं तयार रहनु पर्छ । 'परिचालन' शब्दले सशस्त्र प्रहरी अर्ध सैन्य प्रकृतिको सशस्त्र निकाय भएको सङ्केत गर्छ, जसलाई दङ्गा, विद्रोह अथवा प्राकृतिक प्रकोप जस्ता असाधारण परिस्थितिहरूमा मात्र परिचालन गरिन्छ । उक्त परिच्छेदको दफा ६ मा त्यस्ता परिस्थिति सूचीकृत गरिएका छन् । शान्ति तथा सुरक्षा कायम गर्न, विद्रोह, पृथकतावादी गतिविधि, आतङ्कवाद र सशस्त्र विद्रोह नियन्त्रण गर्न तथा भीड र दङ्गा नियन्त्रण गर्न, प्राकृतिक प्रकोप व्यवस्थापनमा सहयोग गर्न र सीमा सुरक्षा गर्न सशस्त्र प्रहरी बल परिचालन गर्न सकिन्छ ।[९]

सशस्त्र प्रहरी बलका ५ क्षेत्रीय कार्यालय छन्, जसलाई क्षेत्रीय वाहिनी भनिन्छ भने काठमाडौँमा उपत्यका वाहिनी छ । प्रत्येक वाहिनी ३ देखि ५ वटासम्म इन्फ्यान्ट्री र स्वतन्त्र बटालियन मिलेर बनेको हुन्छ र यसका प्रमुख सशस्त्र प्रहरी नायव महानिरीक्षक हुन्छन् । सशस्त्र प्रहरीका २४ वटा बटालियन छन् ।[१०] सशस्त्र प्रहरीका सीमा सुरक्षा विभाग, कार्य विभाग, प्रशासन विभाग, मानव संसाधन विकास विभाग र राष्ट्रिय सशस्त्र प्रहरी बल प्रशिक्षण प्रतिष्ठान गरी पाँच प्रमुख विभाग छन् र हरेक विभागको नेतृत्व सशस्त्र प्रहरी अतिरिक्त महानिरीक्षकले गर्छन् ।[११] सशस्त्र प्रहरी बलले कानुन तथा सुव्यवस्था कायम गर्न महत्वपूर्ण भूमिका निर्वाह गर्नुका साथै नेपाल सरकार र गृह मन्त्रालयबाट सुम्पिएका जिम्मेवारी बहन गर्नुपर्छ ।

९ नोन, माइकल एफ., *दी सेक्युरिटी सेक्टर लेजिस्लेसन अफ दी फेडेरल डेमोक्रेटिक रिपब्लिक अफ नेपाल* मा 'कमेन्ट्री अन दी आर्म्ड पोलिस फोर्स एक्ट, २०५८ एन्ड दी आर्म्ड पोलिस फोर्स रेगुलेसन, २०६०', फुयाल, हरि, (सं.), २०६६, पृष्ठ ४१ ।

१० सशस्त्र प्रहरी बलको वेबसाइटः http://www.apf.gov.np/

११ पूर्वउल्लेखित ।

## सशस्त्र प्रहरी बलको सङ्गठनात्मक संरचना[१२]




## राष्ट्रिय अनुसन्धान विभाग

### *राष्ट्रिय अनुसन्धान विभागको वर्तमान भूमिका*[१३]

- राष्ट्रिय कानुन कार्यान्वयन नीति प्रतिपादन गर्न नेपाल सरकारलाई सहयोग गर्नु
- मन्त्रिपरिषद्मार्फत सरकारलाई गुप्तचरी विषयमा सल्लाह दिनु
- राष्ट्रिय सुरक्षा परिषद्लाई अपराध र सुरक्षासँग सम्बन्धित विषयमा सुझाव दिनु
- अपराध रोकथाम र अनुसन्धान गर्नु
- विपद् पूर्वतयारीलाई बढाउनु र राष्ट्रिय सुरक्षाको सम्बर्द्धन गर्न अन्य सुरक्षा निकाय र संस्थाहरूसँग मिलेर बृहद् कार्यसञ्जाल निर्माण गर्नु
- अन्तर्राष्ट्रिय अपराध नियन्त्रण गर्न इन्टरपोल तथा विदेशी समकक्षीसँग समन्वय गर्नु ।

राष्ट्रिय तथा सार्वजनिक सुरक्षा र राष्ट्रिय स्वार्थका विषयसँग सम्बन्धित सूचना सङ्कलन र निष्पक्ष विश्लेषण गर्ने गुप्तचर सेवा कुनै पनि राज्यको महत्वपूर्ण निकाय हो । सार्वजनिक सुरक्षामा पछिल्लो समय आतङ्कवाद, लागुपदार्थको अवैध ओसारपसार, तस्करी, सङ्गठित अपराध र गैरकानुनी आप्रवासन नयाँ चुनौतीका रूपमा देखा परेका छन् । उक्त चुनौतीहरुको सामना गर्न गुप्तचर सेवालाई चुस्त र बलियो बनाउनु आवश्यक छ । देशभित्र आपराधिक गतिविधि रोक्न तथा नियन्त्रण गर्न राष्ट्रिय अनुसन्धान विभागलाई निगरानी तथा सूचना सङ्कलन, प्रापक र प्रेषक दुवैको अनुमतिविना पत्र तथा अन्य कागजपत्र खोल्ने अधिकार, विभिन्न प्रकारका विवरण गोप्यरुपमा प्राप्त गर्न नक्कली पहिचान, चाबी र विशेष प्रविधि वा सङ्केतको प्रयोग गर्ने अधिकार, देशभित्र हुने वा अन्य देशमा हुने सूचना प्रवाह, दूरसञ्चार

१२ सशस्त्र प्रहरी बलको वेबसाइटबाट प्राप्त जानकारीका आधारमा नेपाल नीति अध्ययन प्रतिष्ठानद्वारा तयार पारिएको ।
१३ राई, पूर्वउल्लेखित ।

र वार्तालापहरु सुन्ने, अभिलेख राख्ने र अनुगमन गर्ने अधिकार, सार्वजनिक दूरसञ्चार सेवा प्रदायकहरुलाई प्रयोगकर्ताहरुसँग सम्बन्धित विवरण दुरुस्त राख्न अनुरोध गर्ने र सम्पूर्ण महत्वपूर्ण स्थल र प्रतिष्ठानहरुमा सहज पहुँच र रेखदेख गर्ने व्यापक विशेषाधिकार प्रदान गरिएको छ ।[१४]

सबै विकास क्षेत्र र जिल्लामा राष्ट्रिय अनुसन्धान विभागका अधिकृतहरू छन् । आवश्यकताअनुसार विभागले ब्युरो र उपब्युरोहरू स्थापना गरेको छ । राष्ट्रिय अनुसन्धान विभागको प्रधान कार्यालय सिंहदरबार, काठमाडौँमा अवस्थित छ । विभागका तीन प्रमुख शाखा छन्- प्रशासन विभाग, कार्य विभाग र सूचना सङ्कलन विभाग । यस अतिरिक्त, राष्ट्रिय सुरक्षा परिषद्मा पनि विभागको सहभागिता रहन्छ ।[१५]

### राष्ट्रिय अनुसन्धान विभागको सङ्गठनात्मक संरचना[१६]




## २. सुरक्षा निकायको पुनःसंरचनाको आवश्यकता

सुरक्षा निकायको पुनःसंरचना गर्नुपर्ने दुई प्रमुख कारण छन्, जसलाई निम्नानुसार व्याख्या गरिएको छः-

### २.१ बदलिँदो सुरक्षा अवधारणा

दोस्रो विश्वयुद्धपश्चात सुरक्षा क्षेत्रमा महत्वपूर्ण परिवर्तन देखिएका छन् । परिणामस्वरुप सुरक्षाको अवधारणामा समेत परिवर्तन आएको छ । पहिले सुरक्षालाई मूलतः भौगोलिक अखण्डता र वैदेशिक हस्तक्षेपबाट संरक्षण गरी दुई कोणबाट परिभाषित गरिन्थ्यो । यद्यपि संसारभर सुरक्षाका अधिकांश ठूला चुनौती बाह्य नभइ आन्तरिक हुने गरेका छन् । सुरक्षा अवधारणा राज्यकेन्द्रितबाट जनताकेन्द्रित भएको छ र सुरक्षा सम्बन्धी बहसहरूले मानवीय आयामको माग गर्छन् । राष्ट्रिय, क्षेत्रीय र विश्वव्यापी स्थायित्वलाई मानव सुरक्षाको अवधारणाअन्तर्गत बुझ्न थालिएको छ । उक्त अवधारणा मानिसको आर्थिक सुरक्षा, खाद्य सुरक्षा, स्वास्थ्य सुरक्षा, वातावरणीय सुरक्षा, व्यक्तिगत सुरक्षा, सामुदायिक सुरक्षा र राजनीतिक सुरक्षामा केन्द्रित छ । त्यसैले नेपालका सुरक्षा निकायले सुरक्षा अवधारणाका परिवर्तित प्राथमिकतालाई आत्मसात् गर्नु पर्छ ।

### २.२ नेपालमा भएका राजनीतिक परिवर्तन

२०४६ को जनआन्दोलनमार्फत नेपालमा बहुदलीय

१४ गृह मन्त्रालयको वेबसाइटः http://www.moha.gov.np
१५ गृह मन्त्रालयको वेबसाइटः http://www.moha.gov.np
१६ राष्ट्रिय अनुसन्धान विभागबाटप्राप्त जानकारीका आधारमा नेपाल नीति अध्ययन प्रतिष्ठानद्वारा तयार पारिएको ।

लोकतान्त्रिक व्यवस्था स्थापित भयो । यद्यपि त्यसपछि बनेका जननिर्वाचित सरकारहरु मुलुकमा राजनीतिक, आर्थिक र सामाजिक स्थिरता सुनिश्चित गर्न असफल भए । परिणामस्वरुप २०५२ सालमा नेकपा (माओवादी) को नेतृत्वमा सशस्त्र द्वन्द्व प्रारम्भ गरियो । सशस्त्र द्वन्द्वकालमा कुल १७,८८६ नागरिकले ज्यान गुमाए, १,५३० नेपाली नागरिक बेपत्ता पारिए र ७९,५७१ नागरिक आन्तरिक रुपमा विस्थापित हुन पुगे ।[१७] उक्त अवधिमा जनताले व्यापक निजी तथा सार्वजनिक सम्पत्तिको क्षति, त्रास, पीडा र निराशाको सामना समेत गर्नु पर्‍यो । सशस्त्र सङ्घर्षका कारण राष्ट्रको आर्थिक विकासमा समेत गम्भीर नकारात्मक असर पुग्यो । २०६३ सालमा राजतन्त्र र दशक लामो सशस्त्र द्वन्द्व दुवैको अन्त्य भयो । २०६४ मा पहिलो संविधानसभा निर्वाचन सफलतापूर्वक सम्पन्न भएपश्चात लम्बिँदो राजनीतिक सङ्क्रमण समाप्त हुने अपेक्षा नेपाली जनताले गरेका थिए । तर, नयाँ संविधान बनाउने प्रमुख जिम्मेवारी पूरा नगरी पहिलो संविधानसभा स्वतः विघटन भयो र देशले अर्को राजनीतिक दुर्घटनाको सामना गर्नु पर्‍यो । २०७० मङ्सिर ४ गते दोस्रो संविधानसभा निर्वाचन सफलतापूर्वक सम्पन्न भएपछि देशले राजनीतिक निकास पाएको छ । देशको समग्र विकासलाई लामो समयसम्म अनिर्णयको बन्दी बनाउने अभिशप्त नियतिबाट देशले मुक्ति पाएको छ । तर, लम्बिँदो सङ्क्रमणकालले देशको नाजुक सुरक्षा व्यवस्थालाई झन् कमजोर बनाएको छ ।

सुरक्षा निकायको पुनःसंरचनाको अर्थ उनीहरूलाई सङ्घीय लोकतान्त्रिक शासन प्रणालीअन्तर्गत अझ प्रभावकारी र कार्यकुशल बनाउनु हो । यसको अर्थ परिवर्तित राजनीतिक सन्दर्भमा नीतिगत र सङ्गठनात्मक दुवै तहमा उनीहरूको भूमिका र संरचनाको समीक्षा गर्नु पनि हो । सुरक्षा निकायको पुनःसंरचनाका लागि विगतका नीतिहरूको समीक्षासँगै राष्ट्रिय सुरक्षा नीतिलाई पनि समयसापेक्ष परिभाषित गर्नुपर्छ । परिवर्तित राजनीतिक सन्दर्भमा प्रचलित सुरक्षा नीति, रणनीति र सङ्गठनहरूको तालमेलमा केन्द्रित हुनु प्रमुख चुनौती हुनेछ ।

## ३. अन्तर्राष्ट्रिय अभ्यास

नेपालका सुरक्षा निकाय र उनीहरुका अभ्यासमाथि बृहद् बहसको थालनी गर्न यस नीतिपत्रले विश्वका केही सङ्घीय राष्ट्रले प्रयोगमा ल्याएका सुरक्षा अभ्यास र संरचनालाई संक्षेपमा प्रस्तुत गरेको छ ।

### ३.१. सेना

संयुक्त राज्य सशस्त्र बल संयुक्त राज्य अमेरिकाको सैन्य बल हो । संयुक्त राज्य अमेरिकामा सेना राष्ट्रिय एकता, जनताको सार्वभौमसत्ता, भौगोलिक अखण्डता र स्वतन्त्रताको रक्षा तथा जनताको जिउ-धन र सार्वजनिक महत्वका स्थलहरूको संरक्षणमा संलग्न छ ।[१८] अमेरिकी सेना अन्तर्गत थल सेना, जल सेना, म्यारिन कर्प्स, वायु सेना र तटरक्षक रहेका छन् । अमेरिकी सेनाका तीन श्रेणी छन्- एक्टिभ ड्युटी (पूर्णकालीन सैनिक र नाविक), जगेडा र रक्षक बल (सामान्यतया असैनिक काम गर्ने तर पूर्णकालीन सैन्य सेवाका लागि बोलाइन सकिने) र सेवानिवृत्त सैनिक (पूर्वसैनिक) । थल सेना र जगेडा सेना प्रधान थल शक्ति हुन् र उनीहरू सैन्य कार्यवाहीका लागि जिम्मेवार हुन्छन् । सेनाले संसारभरि रहेका अमेरिकी सरकारका महत्वपूर्ण प्रतिष्ठानका साथै सम्पत्तिको रेखदेख र रक्षा गर्छ । संविधानतः हरेक राज्यको आफ्नै 'आर्मी नेसनल गार्ड' हुन्छ ।[१९]

भारतमा भने भारतीय सशस्त्र सेना राष्ट्रिय सैन्य बलका रूपमा रहेको छ । भारतीय सेना थल सेना, नौ सेना, वायु सेना र भारतीय तटरक्षक मिलेर बनेको छ । अर्धसैनिक बल (असम राइफल्स र विशेष सीमा बल) र

१७ शान्ति तथा पुनर्निर्माण मन्त्रालय । http://www.rahat.gov.np/uploads/4330 File Ashad 1.pd
१८ अमेरिकी सेनाको वेबसाइटः http://www.army.mil/info/
१९ पूर्वउल्लेखित ।

विभिन्न अन्तरसेवा संस्थाहरू (जस्तोः स्ट्राटेजिक फोर्सेज कमान्ड)[२०]ले भारतीय सेनालाई सहयोग गर्छन् । देशको भौगोलिक अखण्डता सुनिश्चित गर्नु, बाह्य आक्रमणबाट देशको रक्षा गर्नु, युद्धमा दुश्मनको आणविक अस्त्र प्रयोग गर्ने बिन्दुलाई पार नगरी आक्रामक कार्यवाही गर्नु, प्राकृतिक प्रकोपमा जनतालाई सहयोग गर्नु र संयुक्त राष्ट्रसङ्घको बडापत्रमा भारतले जनाएको प्रतिबद्धताअनुरूप राष्ट्रसङ्घमार्फत् शान्तिस्थापना कार्यमा सहभागी हुनु भारतीय सेनाका प्रमुख जिम्मेवारी हुन् ।[२१] भारतका राष्ट्रपति भारतीय सशस्त्र सेनाका सर्वोच्च कमाण्डर हुन् भने भारतीय सेनाको व्यवस्थापन रक्षा मन्त्रालयले गर्छ ।

स्विजरल्याण्डको सेना प्रख्यात 'मिलिशिया' र सानो व्यावसायिक वा नियमित सेना मिलेर बनेको छ । सक्षम नागरिकहरुलाई अनिवार्यरुपमा सैन्य सेवा गर्नुपर्ने प्रावधान भएका पश्चिम यूरोपका केही देशहरुमध्ये स्विजरल्याण्ड एक हो । स्विजरल्याण्डको संविधानअनुसार हरेक शारीरिकरुपमा सक्षम पुरुष नागरिकले १८ वर्षको उमेरदेखि स्विस मिलिशिया सेनामा सेवा गर्नु पर्ने प्रावधान छ । गैरसैनिक सेवा रोज्नेका लागि अपवादको व्यवस्था पनि रहेको छ ।[२२] उक्त सेना रक्षा विभागको कार्यक्षेत्रमा आधारित छ र रक्षा, नागरिक संरक्षण र सहयोगसम्बन्धी सङ्घीय विभाग (डिडिपिएस) अन्तर्गत पर्दछ । यसले स्विस सेनाको योजना, नेतृत्व र प्रशासनिक कार्यभार वहन गरेको छ । स्विस सैन्य बलहरुले युद्धको जोखिम न्यूनीकरण गरी देशमा शान्ति-सुव्यवस्था कायम राख्न योगदान पुर्‍याउँछन्; गम्भीर सुरक्षा चुनौतीहरुको निगरानी र विशेष परिस्थितिलाई आफ्नो नियन्त्रणमा लिई गैरसैनिक अधिकारीहरुलाई सहयोग गर्दछन् । रक्षा विभागले सैन्य बलहरुका लागि स्विस अन्तर्राष्ट्रिय सुरक्षा नीतिसँग सहकार्य र संयोजन गर्छ ।[२३] तटस्थताको लामो इतिहास बोकेको स्विस सेना विश्वभर शान्ति स्थापना कार्यमा सहभागी हुने गरेको छ । सामान्य परिस्थितिमा सैन्य बलका प्रमुखहरुले नै तिनको नेतृत्व गर्दछन् र डिडिपिएस र स्विस सङ्घीय परिषद्का प्रमुख समक्ष विवरण पेश गर्दछन् ।[२४]

## ३.२. प्रहरी

अमेरिकामा प्रहरी व्यवस्था सङ्घीय, प्रान्तीय र स्थानीय तहमा विकेन्द्रीकृत छ । स्थानीय प्रहरीले सार्वजनिक स्थलमा ट्राफिक व्यवस्थापन, गिरफ्तारी जस्ता कार्य गर्ने भएकाले बहुसङ्ख्यक अमेरिकी नागरिकका लागि सबै भन्दा दृश्य शक्ति स्थानीय प्रहरी हो । सङ्घीय प्रहरीले भने अधिक मात्रामा अनुसन्धानात्मक भूमिका निर्वाह गर्छ । कुनै पनि अमेरिकी प्रहरी निकायसँग अर्को निकायलाई अपराध अनुसन्धानको आदेश दिने अधिकार छैन । उक्त निकायहरुबीच अन्तरनिकाय सञ्चार प्रभावकारी भएकाले कार्य सञ्चालन सुचारु ढङ्गले हुने गर्छ । तर, हरेक अमेरिकी राज्य कानुनले आपराधिक गतिविधिलाई फरक ढङ्गले विचार गर्दै दोषीमाथि कानुनी कार्यवाही चलाउन फरक माध्यम प्रस्ताव गरेकाले परिस्थिति जटिल देखिन्छ । त्यहाँ दुई प्रकारका प्रहरी बल छन्: दैनिक र आकस्मिक समस्याका लागि प्रहरी र सङ्घीय कानुन कार्यान्वयका लागि विशेष अख्तियार प्राप्त प्रहरी । सम्पूर्ण सङ्घीय निकायहरुको कार्याविधि अमेरिकी संहिताले निर्धारण गर्दछ, जसअनुसार सङ्घीय सरकारको अधिकारभित्र निर्दिष्ट मुद्दामाथि मात्र अनुसन्धान गर्न पाउने प्रावधान छ । प्रहरी व्यवस्थाभित्र पूर्ण प्रहरी अधिकार प्रत्यायोजन गरिएका शपथबद्ध अधिकृतका साथै गैरसैनिक नागरिक पनि कार्यरत छन् (उदाहरणका लागि, कल सेन्टरको सुरक्षामा) ।

२० http://indiacode.nic.in/coiweb/welcome.html, भारत सरकार ।
२१ पूर्वउल्लेखित ।
२२ गेइजर, उर्स, 'स्विस भोटर्स इन्डोर्स आर्मी कन्सक्रिप्सन', swissinfo.ch, असोज ६, २०७० ।
२३ स्विस सैन्य बलको वेबसाइट, http://www.vtg.admin.ch/internet/vtg/en/home/schweizerarmee.html
२४ पूर्वउल्लेखित ।

भारतीय प्रहरी व्यवस्थामा राज्य तथा राष्ट्रिय तहका सुरक्षा निकाय सम्मिलित छन् । विभिन्न सङ्कटलाई सम्बोधन गर्न सरकारले राष्ट्रिय स्तरमा केन्द्रीय प्रहरी बल स्थापना गरेको छ।[२५] यसबाहेक भारतका २८ राज्य र सात केन्द्रशासित प्रदेश हरेकका आफ्नै प्रहरी बल छन्। राज्य सरकारको अनुरोधमा केन्द्रीय प्रहरी बलले प्रदेश प्रहरीलाई सहयोग गर्न सक्ने भएपनि अभ्यासमा उक्त अधिकार केन्द्रीय सरकारमा निहित छ । यस अतिरिक्त प्रहरी मामिलाहरुमा केन्द्रले संयोजन र सुझावकर्ताको भूमिका र निश्चित केन्द्रीय प्रहरी सङ्गठन निर्माण समेत गर्न पाउने अधिकारसहित केही विशेष प्रावधानहरु संविधानमा उल्लेख छ ।[२६]

स्विजरल्याण्डमा आन्तरिक सुरक्षा मामिला क्यान्टोन (canton) तहमा हेरिन्छ । त्यहाँ २६ प्रान्तका आफ्नै प्रहरी बल छन् भने सयभन्दा बढी नगर प्रहरी बल छन् जसको भूमिका र महत्व क्यान्टोनको आवश्यकता र सुरक्षा चुनौतीमा निर्भर हुन्छ । यसबाट स्पष्ट हुन्छ कि स्विजरल्याण्डको प्रहरी व्यवस्था सञ्चालन पद्धति अन्तर प्रान्तीय समन्वयमा आधारित छ। पछिल्ला वर्षमा सीमापार अपराधमा नाटकीय वृद्धि भएको छ । सन् २०१० मा २,५३० र २०११ मा २,९६० व्यक्ति गिरफ्तार भएका थिए। त्यसैगरी २०१२ को पूर्वार्द्धमा नै ९७० व्यक्तिलाई गिरफ्तार गरिएको थियो, यस अनुपातले वार्षिकरुपमा ३,८८० व्यक्ति गिरफ्तार हुने सङ्केत गर्दछ ।[२७] यसै क्रममा देशभर रहेका विभिन्न प्रहरी बलको मानकीकरण सुरु गर्न र सूचना आदानप्रदान पद्धति लागू गर्न केही राष्ट्रिय संयन्त्र स्थापना गरिएको छ । यसरी स्विजरल्याण्ड निरन्तर सुधारिएको अन्तरनिकाय सञ्चारको दिशामा अग्रसर छ । यसले स्थानीय सुरक्षा निकायलाई सुविधासम्पन्न बनाउनुका साथै प्रत्येक इलाकाको परिस्थिति मूल्याङ्कन र प्रबन्धन क्षमता समेत वृद्धि गर्नेछ ।[२८]

## ३.३. अर्धसैनिक बल

भारतमा ७ वटा अर्धसैनिक बल छन्, जसलाई भारतीय केन्द्रीय सशस्त्र प्रहरी बल भनिन्छ । गृह मन्त्रालयको प्रशासनिक नियन्त्रणअन्तर्गत सञ्चालित उक्त बलले राष्ट्रिय सीमा सुरक्षा, द्वन्द्व नियन्त्रण तथा व्यवस्थापन, अति विशिष्ट व्यक्ति तथा महत्वपूर्ण प्रतिष्ठानहरुको सुरक्षाको जिम्मेवारी बहन गर्छ । केन्द्रीय रिजर्भ (सञ्चित) प्रहरी बल (सीआरपीएफ) भारतको सबैभन्दा ठूलो सशस्त्र प्रहरी बल हो जसमा तीन लाख सुरक्षाकर्मी छन्। सीआरपीएफले अति विशिष्ट व्यक्तिको सुरक्षादेखि निर्वाचन सम्पन्न गराउने, महत्वपूर्ण स्थलहरूको रेखदेख, नक्सलवादीविरुद्ध कार्यवाही चलाउने र संयुक्त राष्ट्रसङ्घीय शान्तिस्थापना कार्यमा सहभागी हुनेसम्मको दायित्व निर्वाह गर्छ ।[२९] सीमा सुरक्षा बल (बीएसएफ) भारत सरकारको सीमा रक्षक बल हो। यसको प्रमुख भूमिका सामान्य परिस्थितिमा भारतको अन्तर्राष्ट्रिय सीमाहरूको सुरक्षा गर्नुका साथै सीमापार अपराध रोकथाम गर्नु हो । त्यसैगरी भारत-तिब्बत सीमा प्रहरी (आईटीबीपी) चीनसँगको सीमा रक्षा गर्न तिब्बती पठारको हिमाली क्षेत्रमा तैनाथ बल हो । नेपाल-भारत र भारत-भुटान सीमा रक्षार्थ सशस्त्र सीमा बल (एसएसबी) सक्रिय छ ।

२५ जोशी, जी. पी., *पोलिसिङ इन फेडेरल स्टेट्स* मा ‘दी फेडेरल पोलिस सिस्टम इन इन्डिया’, फ्लुरी, पी. र उर्सेलर, एम., (सं.), जेनेभा सेन्टर फर दी डेमोक्रेटिक कन्ट्रोल अफ आर्म्ड फोर्सेज (DCAF): जेनेभा, २०६८, पृष्ठ १-३१ ।

२६ कगिन्टा, सेबास्टियन रोचे, *फेडेरलिज्म एण्ड पोलिस सिस्टम,* जेनेभा सेन्टर फर दी डेमोक्रेटिक कन्ट्रोल अफ आर्म्ड फोर्सेज (DCAF): जेनेभा, २०६८, पृ.२५-२६ ।

२७ ‘स्विजरल्याण्ड सिज स्पाइक इन क्रस-बोर्डर क्राइम’, *दी लोकल,* जेठ १०, २०६९, http://www.thelocal.ch/20120529/3406

२८ स्विस सुरक्षा निकायको भूमिका र संरचनाबारेको प्रतिवेदनका लागि हेर्नुहोस्: विदेश मामिलाका लागि स्विस सङ्घीय विभाग (एफडीएफए), *‘पावर सेयरिङ: दी स्विस एक्सपेरियन्स,* Politorbis: Zeitschriftzur Aussenpolitik, no. 45, 2/2008।

२९ सीआरपीएफको आधिकारिक वेबसाइट: http://crpf.nic.in/

यस उद्देश्यका लागि ८६ हजार सुरक्षाकर्मी परिचालित छन्।[३०] केन्द्रीय औद्योगिक सुरक्षा बल (सीआईएसएफ) ले भारतभर रहेका तीन सय औद्योगिक प्रतिष्ठान र अन्य प्रतिष्ठानलाई सुरक्षा प्रदान गरेको छ । त्यसै गरी रेलवे सुरक्षा बल (आरपीएफ) को प्रमुख दायित्व भारतीय रेलवे र रेलमा यात्रारत नागरिकको सुरक्षा गर्नु हो। राष्ट्रिय सुरक्षा गार्ड (एनएसजी) भने विशिष्ट (एलिट) प्रतिआतङ्ककारी र 'र्‍यापिड रेस्पोन्स' बल हो। एनएसजीमा विशेष सुरक्षा दस्ता (एसपीजी) पनि सम्मिलित छ । एसपीजीले राजनीतिक दलका नेताहरूलाई सुरक्षा दिँदै आएको छ।[३१]

## ३.४. गुप्तचर सेवा

अमेरिकामा १७ वटा सुरक्षा निकाय मिलेर गुप्तचर समुदाय (आईसी) बनेको छ। सेन्ट्रल इन्टेलिजेन्स एजेन्सी (सीआईए) र फेडेरल ब्युरो अफ इन्भेस्टिगेसन (एफबीआई) लगायत यी निकाय देशको सुरक्षासँग सम्बन्धित सूचना सङ्कलन तथा प्रसार गर्न आपसी सहकार्यमा स्वतन्त्र ढङ्गले काम गर्छन्। अधिकांश यस्ता निकाय गोप्य सूचना सङ्कलनमा केन्द्रित भएपनि उनीहरूको सूचनाका आधार मा उचित कार्यवाही सञ्चालन गर्ने प्रहरी, सशस्त्र बल र अन्य निकायसँग पर्याप्त सञ्चार र सम्पर्क रहन्छ ।[३२] उक्त निकायहरूको प्रमुख उद्देश्य देशको सुरक्षासँग सम्बन्धित तथ्याङ्क सङ्कलन र प्रसार गर्नु हो।

भारतमा विविध गुप्तचर निकाय छन्। सन् १९६३ मा स्थापित सेन्ट्रल ब्युरो अफ इन्भेस्टिगेसन (सीबीआई) भारतको शीर्ष गुप्तचर संस्था हो। भ्रष्टाचार र अन्य प्रमुख अपराध नियन्त्रण यसको क्षेत्राधिकार भित्र पर्दछ । नेसनल इन्भेस्टिगेटिङ एजेन्सी (एनआईए) भारतको अर्को प्रमुख गुप्तचर निकाय हो । बढ्दो आतङ्कवादी गतिविधि नियन्त्रण गर्ने जिम्मेवारी पाएको एनआईए सुविधासम्पन्न र संरचनागत दृष्टिकोणले केही आधुनिक छ।[३३] रिसर्च एन्ड एनालाइसिस इकाई (र) भारतको विख्यात र शक्तिशाली गुप्तचर निकाय हो । यसको आधारभूत कार्य बाह्य गोप्य सूचना सङ्कलन र प्रतिआतङ्कवादी गतिविधि सञ्चालन गर्नु हो। त्यसैगरी इन्टेलिजेन्स ब्युरो (आईबी) घरेलु गुप्तचर निकाय हो। उक्त निकायले भारतभित्रबाट गोप्य सूचना एकत्रित गर्नुका साथै प्रतिजासुसी र प्रतिआतङ्कवादी कार्य गर्छ।[३४]

## ४. अन्तर्राष्ट्रिय अभ्यासहरूबाट लिन सकिने शिक्षा

नेपालका सुरक्षा निकायमा सम्भावित सुधारबारे विचार गर्दा अमेरिका, भारत र स्विजरल्याण्डका सुरक्षा प्रणालीबाट केही शिक्षा लिन सकिन्छ।

पहिलो शिक्षा सुरक्षा निकायको संरचनासम्बन्धी छ। सेना, अर्धसैनिक बल र गुप्तचर निकायको राष्ट्रिय संरचनाले सर्वोपरि राष्ट्रिय स्वार्थ सुनिश्चित गर्छ र पृथकतावादी गतिविधि नियन्त्रण गर्छ । प्रहरीको सङ्घीयकरणले भने एक तहसम्म राज्यको स्वायत्तता सुनिश्चित गर्छ । कानुन कार्यान्वयनका लागि द्रुत गतिविधि सञ्चालन गर्न

३० 'गार्डिङ दी नेशनल फ्रन्टियर', http://egov.eletsonline.com/2013/03/guarding-the-nations-frontiers

३१ ओबराय, विजय, *रिस्ट्रक्चरिङ दी सेन्ट्रल पोलिस फोर्सेज एन्ड दी स्टेट आर्म्ड पोलिस टू कम्ब्याट इन्टरनल इन्सर्जेन्सिज,* http://reportmysignalpm.blogspot.com/2011/07/central-police-forces-and-state-armed.html and http://www.nsg.gov.in/organisation

३२ वार्नर, माइकल र म्याकडोनाल्ड, केनेथ, *यूएस इन्टेलिजेन्स कम्युनिटी रिफर्म स्टडिज सिन्स १९४७,* सीआईए, पृष्ठ ४ ।

३३ भारतको प्रहरी व्यवस्थाबारे थप जानकारीका लागि हेर्नुहोस्: कमलवेल्थ ह्युमन राइट्स् इनिसिएटिभ (CHRI), ' भारतमा प्रहरी सङ्गठन', CHRI, नयाँ दिल्ली, २००८, माघ २४, २०६८ मा साभार गरिएको, <http://www.humanrightsinitiative.org/index.php?option=com_content&view=article&id=182&Itemid=511>

३४ 'नेसनल टेक रिसर्च बडी टू बी हाउस्ड इन हैदराबाद', *दी हिन्दु बिजनेस लाइन,* बैशाख २५, २०६४ ।

यस प्रकारको स्वायत्तता आवश्यक छ । सङ्घीय प्रहरी व्यवस्थाका तीन प्रमुख फाइदा छन् । पहिलो- बलियो स्थानीय वा राज्य प्रहरी बलले समुदायसँग व्यक्तिगत सम्बन्धलाई प्रोत्साहन गर्छ (सुरक्षा निकायमा विभिन्न भौगोलिक, धार्मिक, लैङ्गिक, जातीय र भाषिक समूहलाई समावेश गर्दा उक्त मान्यता अझ सुदृढ हुन पुग्छ) । दोस्रो- सङ्घीय व्यवस्थाले सन्दर्भअनुसारको विशिष्ट सुरक्षा अभ्यासलाई अनुमति दिन्छ । र, तेस्रो- केन्द्रीय अङ्गको निर्देशनमा क्षेत्रीय तहमा निर्णय गर्ने प्रक्रियाले शक्ति बाँडफाँडलाई अनिवार्य तुल्याउँछ ।

सङ्घीय व्यवस्थामा सुरक्षा निकाय परिचालनका लागि गहन अन्तरनिकाय समन्वय अत्यावश्यक हुन्छ । यस तथ्यलाई अमेरिका, भारत र स्विजरल्याण्डका सुरक्षा निकायहरूको सफलताले पुष्टि गर्छ । स्थानीय या राज्य वा दुवै तहमा अन्तरक्रिया आरम्भ गर्न सकिन्छ । तर, नियमहरूको मानकीकरण गर्ने, सूचना आदानप्रदान र अन्य अभ्यासलाई सहजीकरण गर्ने बृहद् राष्ट्रिय अङ्गहरूको उपस्थितिले सुरक्षा प्रणालीमा ठूलो सहयोग पुऱ्याउँछ । अपराध कुनै भौगोलिक क्षेत्र विशेषमा सीमित रहँदैन, राज्य र सीमा समेत पार गर्छ । त्यसैले वर्तमान प्रविधिचालित परिवेशमा अन्तरनिकाय समन्वयको विशेष महत्व छ ।

## ५. सरकारी पहल र राजनीतिक दलका धारणा

नेपालले सङ्घीय लोकतान्त्रिक गणतन्त्रको प्रक्रिया अनुसरण गरिसकेको छ । संविधानसभा विषयगत समितिका अवधारणापत्र र प्रारम्भिक मस्यौदामा केन्द्रीय, प्रदेश र स्थानीय गरी 'सङ्घीय संरचनाका तीन तह'[३५] हुने उल्लेख गरिएको छ । उक्त सङ्घीय संरचनाअनुसार विद्यमान सबै सरकारी निकायहरूको पुनःसंरचना हुनेछ । यसमा सुरक्षा निकायका भूमिका तथा जिम्मेवारी पनि पर्छन् । नेपाल सरकारका साथै सुरक्षा निकायले पनि यसअनुरुप पुनःसंरचनाको पहल थालेका छन् ।

### ५.१ सरकारी पहल

२०६५ मङ्सिर १३ मा नेपाल सरकारले सुरक्षा निकाय (नेपाल प्रहरी, सशस्त्र प्रहरी र राष्ट्रिय अनुसन्धान विभाग) को आधुनिकीकरणका लागि डा. युवराज सङ्ग्रौलाको संयोजकत्वमा 'सुरक्षा निकाय आधुनिकीकरण उच्चस्तरीय कार्यदल' गठन गरेको थियो । त्यसैगरी २०६६ पुस ९ गते तत्कालीन प्रधानमन्त्री माधवकुमार नेपालको नेतृत्व रहेको सरकारले राष्ट्रिय सुरक्षा नीति, नेपाली सेनाको लोकतान्त्रीकरण र गृह मन्त्रालयअन्तर्गतका सुरक्षा निकायहरुको सुदृढीकरण तथा सुधार सम्बन्धी सुझावका लागि तीन वटा अवधारणापत्र तयार गर्न तत्कालीन रक्षामन्त्री विद्यादेवी भण्डारीको अध्यक्षतामा पाँच सदस्यीय समिति गठन गरेको थियो । उक्त समितिले २०६७ साउन १७ गते तत्कालीन प्रधानमन्त्रीलाई आफ्नो प्रतिवेदन बुझाएको थियो ।[३६] उक्त प्रतिवेदनको विवरण भने सार्वजनिक गरिएको छैन ।

अघिल्लो संविधानसभामा 'राष्ट्रिय हितको संरक्षण समिति' र 'राज्यको पुनःसंरचना र राज्यशक्तिको बाँडफाँड समिति'मा राष्ट्रिय सुरक्षा नीतिबारे व्यापक बहस भएको थियो । समितिहरूले सभाध्यक्षलाई आफ्ना प्रारम्भिक मस्यौदासहित अवधारणापत्र पनि बुझाएका थिए । दुवै अवधारणापत्रले सङ्घीय संरचनामा नेपाली नागरिकको अधिकार र पहिचानको सम्मान गर्दै राष्ट्रिय एकता, राष्ट्रिय सुरक्षा, भौगोलिक अखण्डता र जनताको सार्वभौमसत्ता सुनिश्चित गर्न सुझाव दिएका थिए ।

गृह मन्त्रालयले पनि नेपाल प्रहरी र सशस्त्र प्रहरी बलको पुनःसंरचनाका लागि विभिन्न कार्यदल गठन गरेको छ ।

३५ संविधानसभा विषयगत समितिको प्रतिवेदन ।

३६ नेपाल नीति अध्ययन प्रतिष्ठानले २०७० असार २१-२२ मा गरेको सेमिनारमा गेजा शर्मा वाग्लेको प्रस्तुति, 'सङ्घीय व्यवस्थामा सुरक्षा निकायहरुको भूमिका र संरचना' ।

नेपाल प्रहरीको पुनःसंरचनासम्बन्धी प्रतिवेदन तयार गर्न सहसचिव गणेश कार्कीको संयोजकत्वमा तीन सदस्यीय समिति गठन गरिएको छ । समितिमा डीआईजीपी राजनसिंह भण्डारी र उपसचिव रमेश पौडेल सदस्य थिए । त्यसैगरी सशस्त्र प्रहरी बलको पुनःसंरचनाका लागि सहसचिव शम्भु कोइरालाको संयोजकत्वमा तीन सदस्यीय कार्यदल बनाइएको थियो । डीआईजीपी शैलेन्द्र खनाल र उपसचिव प्रदीपराज कँडेल यस कार्यदलका सदस्य हुन् । यस अतिरिक्त, नेपाल प्रहरीले सङ्घीय व्यवस्थामा नेपाल प्रहरीको भूमिका र संरचनाबारे अध्ययन गर्न पूर्वएआईजीपी नवराज ढकालको संयोजकत्वमा सात सदस्यीय आन्तरिक कार्यदल गठन गरेको थियो । कार्यदलले आफ्नो प्रतिवेदन नेपाल सरकारलाई बुझाइसकेको छ । त्यसैगरी सशस्त्र प्रहरी बल र राष्ट्रिय अनुसन्धान विभागको पुनःसंरचनाका लागि दुईवटा कार्यदल गठन गरिएको थियो । तर ती कार्यदलले पेश गरेका प्रतिवेदनका विषयवस्तु र कार्यवाही सार्वजनिक गरिएको छैन ।[३७]

नेपाली सेनाले पनि पुनःसंरचनाका बारेमा आन्तरिक गृहकार्य गर्दै आएको छ । तत्कालीन प्रधानसेनापति छत्रमानसिंह गुरुङले सरकारसमक्ष विस्तृत पुनःसंरचना प्रस्ताव प्रस्तुत गरेका थिए । वर्तमान प्रधानसेनापति गौरवशमशेर राणाले सरकारलाई बुझाएको पुनःढाँचा (रिडिजाइन) रक्षा मन्त्रालयमा विचाराधीन छ । प्रधानसेनापति राणाको प्रस्तावअनुसार सेनाको विद्यमान सङ्गठनात्मक स्वरूप र संरचना 'अल्पकालीनरुपमा पुनःढाँचा र दीर्घकालीन रुपमा पुनःसंरचना' गरिनेछ । अल्पकालीन पुनःसंरचनाले नेपाली सेनाको वर्तमान शक्ति र कार्यदक्षताको वृद्धि सुनिश्चित गर्नेछ भने दीर्घकालीन पुनःसंरचनाले गतिशीलता, युद्ध शक्ति र 'अपरेसनल रिजर्भ पावर'को वृद्धि सुनिश्चित गर्नेछ । उक्त प्रस्तावित ढाँचामा प्रभावकारी र सशक्त व्यवस्थापन प्रणालीको स्थापना र विकास, सैन्य बलको गतिशील, समयसापेक्ष र अनुकूल क्षमता विकास, शान्ति स्थापना बलमा सहभागी हुने प्रक्रिया र अन्तर्राष्ट्रिय सम्बन्धमा सुधार, सैन्य उपकरण उत्पादनमा वृद्धि तथा देशभित्रै उत्पादित उपकरणलाई प्रोत्साहन, सैनिक कल्याणकारी नीतिको पुनर्मूल्याङ्कन तथा जीवनस्तरमा सुधार आदि उल्लेख गरिएका छन् । आधारभूत प्राथमिकता र विद्यमान सुरक्षा चुनौतीलाई सम्बोधन गर्न नेपाली सेनाले सैन्य सिद्धान्त (मिलिटरी डक्ट्रिन) मा पनि गृहकार्य गरिरहेको छ ।[३८]

## ५.२ राजनीतिक दलका धारणा

राजनीतिक दलहरूले पनि सुरक्षा निकायको पुनःसंरचनाको वारेमा वहस प्रारम्भ गरेका छन् । प्रमुख दलहरू- नेपाली काङ्ग्रेस, नेकपा (एमाले) र एकीकृत नेकपा (माओवादी) ले आ-आफ्ना निर्वाचन घोषणापत्रमा सुरक्षा क्षेत्रको सुधारप्रति प्रतिबद्धता व्यक्त गरेका छन् । नेपाली काङ्ग्रेसले जनताको सुरक्षा, राष्ट्रिय एकता तथा सार्वभौमसत्ता र नागरिक-सेना सम्बन्धको लोकतान्त्रीकरणका लागि सुरक्षा निकायको आधुनिकीकरणप्रति प्रतिबद्धता व्यक्त गरेको छ । नेपाली काङ्ग्रेसले आन्तरिक तथा बाह्य सुरक्षा चुनौतीको समाना गर्न र विधिको शासन कायम गर्न सुरक्षा निकायलाई थप दक्ष बनाउनु पर्ने आवश्यकता औंल्याएको छ । साथै, नेपाली काङ्ग्रेसले सुरक्षा निकायलाई गैरराजनीतिक र तटस्थ निकायको रुपमा विकास गर्ने प्रतिबद्धता व्यक्त गरेको छ । नेपाली काङ्ग्रेसको निर्वाचन घोषणापत्रले मानव सुरक्षाका आधारहरू- खाद्य, जनसङ्ख्या, स्वास्थ्य, वातावरण तथा समुदायलाई राष्ट्रिय सुरक्षामा अधिक महत्व दिने प्रतिज्ञा पनि व्यक्त गरेको छ ।[३९]

नेकपा (एमाले)ले राष्ट्रिय स्वतन्त्रता, सार्वभौमसत्ता र

३७ पूर्वउल्लेखित ।
३८ पूर्वउल्लेखित ।
३९ नेपाली काङ्ग्रेसको चुनावी घोषणापत्र, २०७० ।

भौगोलिक अखण्डताको रक्षा, प्राकृतिक स्रोतहरूको संरक्षण र सामाजिक सद्भाव कायम गर्न राष्ट्रिय सुरक्षा नीति तर्जुमा गर्नुपर्नेमा जोड दिएको छ। नेकपा (एमाले)को घोषणापत्रमा 'राष्ट्रिय सुरक्षाको आधार जनता' भन्ने अवधारणालाई अनुमोदन गरिएको छ। नेकपा (एमाले)ले सुरक्षा निकायको आधुनिकीकरण र क्षमता वृद्धिका साथै सुरक्षाकर्मीको कार्यदक्षता वृद्धिको विषय समेत उठाएको छ।[४०]

एकीकृत नेकपा (माओवादी) ले नेपाली सेना र नेपाल प्रहरीमा हुने भ्रष्टाचार निर्मूल पार्ने र उनीहरुका गतिविधि पारदर्शी र जनताप्रति जवाफदेही बनाउन जोड दिएको छ। उसले सङ्घीय व्यवस्थाअनुरूप सुरक्षा निकायको पुनःसंरचना गर्न उच्चस्तरीय पुनःसंरचना समिति गठन गर्न माग गरेको छ। एकीकृत नेकपा (माओवादी)ले मधेसी, जनजाति, दलित र महिलालाई समेटेर नेपाली सेनालाई समावेशी बनाउने उल्लेख गरेको छ। पार्टीको घोषणापत्रले सेनालाई लोकतान्त्रिक र आधुनिक संस्था बनाउने प्रतिज्ञा गरेको छ। घोषणापत्रमा सम्पूर्ण स्वस्थ नेपाली नागरिकलाई अनिवार्य सैनिक तालिमको व्यवस्था गर्ने प्रतिबद्धता पनि व्यक्त गरिएको छ।[४१]

मधेसी दलहरूमध्ये मधेसी जनअधिकार फोरम, नेपालले आफ्नो घोषणापत्रमा सेना र अन्य सुरक्षा निकायमा बढीभन्दा बढी मधेसी जनताको समावेशीकरणप्रति प्रतिबद्धता व्यक्त गरेको छ।[४२]

सुरक्षा निकायहरुको भूमिका र संरचनालाई पुनःपरिभाषित गर्दा राजनीतिक दलहरूले गरेका पुनःसंरचनाका प्रयासका अहम् पक्षहरूलाई ध्यान दिनुपर्छ। सुरक्षा निकायलाई लोकतान्त्रिक, जवाफदेही, प्रतिनिधिमूलक र सेवाप्रदायक बनाउन र स्वच्छ तथा निष्पक्ष न्याय सम्पादन गर्न यी पक्षहरूमा विचार पुऱ्याउनु आवश्यक छ।

## ६. सङ्घीय लोकतान्त्रिक गणतन्त्र नेपालमा सुरक्षा निकायको भूमिका एवम् संरचना

### नेपाली सेना

मुलुकले जुनसुकै सङ्घीय प्रणाली अनुसरण गरेपनि नेपाली सेनाका आधारभूत दायित्व र सिद्धान्त प्रभावित हुने छैनन्। अन्तर्राष्ट्रिय अभ्यासअनुरुप नेपाली सेनाको प्रमुख कार्यभार राष्ट्रिय एकता, भौगोलिक अखण्डता, जनताको सार्वभौमसत्ता र स्वतन्त्रताको रक्षा गर्नु हुनेछ र नेपाली सेना केन्द्रीय सरकारअन्तर्गत रहनेछ। साथै, अन्य कानुन कार्यान्वयन गर्ने निकायहरूले सम्बोधन गर्न नसकेका सुरक्षा चुनौतीहरूको सामना गर्नु पनि सेनाको दायित्व हुनेछ। राष्ट्रिय सार्वभौमसत्ता र सङ्घीय प्रदेशहरूको सार्वभौमसत्ता अखण्ड राख्न नेपाली सेना सचेत रहनेछ। राजनीतिक, सामाजिक, सांस्कृतिक, आर्थिकका साथै अन्य कारणले प्रदेशहरूबीच विवाद र द्वन्द्व हुने सम्भावना सदैव रहन्छ। त्यसैले यस्तो प्रतिकुल परिस्थितिको लागि सेना पूर्ण रूपमा तयार भएर बस्नुपर्छ। सङ्कटकालको समयमा संसद्को निर्णय बमोजिम सम्भावित आन्तरिक द्वन्द्वको अवस्थामा सेना परिचालित हुन सक्छ। उक्त परिस्थितिमा नेपाली सेनाले सशस्त्र प्रहरी बल र नेपाल प्रहरीको नेतृत्व पनि गर्नेछ।

वर्तमान सैन्य संलग्नताका यी क्षेत्रबाहेक सुरक्षाविद्हरू नेपालको विशिष्ट सामाजिक-राजनीतिक परिवेशमा सेना विकास-निर्माण, वातावरण संरक्षण र प्रकोप व्यवस्थापन जस्ता अन्य गैरसैनिक गतिविधिमा पनि संलग्न हुनुपर्ने धारणा राख्छन्। नेपाली सेनाले संयुक्त राष्ट्रसङ्घ अन्तर्गत विश्व शान्ति स्थापना कार्यमा प्रशंसनीय योगदान पुऱ्याउँदै आएको छ। शान्ति स्थापना कार्यमा संलग्न राष्ट्रहरूमध्ये नेपाल सातौं स्थानमा छ।[४३]

४० नेकपा (एमाले)को चुनावी घोषणापत्र, २०७०।
४१ एकीकृत नेकपा (माओवादी)को चुनावी घोषणापत्र, २०७०।
४२ मधेसी जनअधिकार फोरम, नेपालको चुनावी घोषणापत्र, २०७०।
४३ नेपाली सेनाको वेबसाइटः http://www.nepalarmy.mil.np/na_un.php?

राष्ट्रसङ्घीय शान्ति स्थापना कार्य विश्व शान्ति स्थापनामा राष्ट्रले योगदान गर्न सक्ने अवसर मात्र होइन, नेपाली सैनिकहरुले राम्रो आम्दानी गर्न सक्ने अवसर समेत हो। त्यसैले यस्ता कार्यमा नेपाली सेनाको सहभागिता बढाउनु तर्कसङ्गत हुनेछ।[४४] त्यसैगरी प्राकृतिक तथा मानवनिर्मित प्रकोपका दृष्टिले नेपाल संवेदनशील राष्ट्र भएकाले विपद् व्यवस्थापन, उद्धार तथा राहतका कार्यमा नेपाली सेनाको शीप तथा विशेषज्ञता वृद्धि गर्नु र उक्त क्षेत्रमा सेनाको संलग्नता वृद्धि गर्नु न्यायसङ्गत देखिन्छ। सेनाको संलग्नतासँगै वातावरण तथा प्रकृति संरक्षणका क्षेत्रमा व्यापक सुधार भएकाले विज्ञहरूका अनुसार उक्त क्षेत्रहरुमा नेपाली सेनाको सहभागितालाई निरन्तरता दिनु उचित हुनेछ। भारतीय सेना झैं नेपाली सेना पनि वन-जङ्गल, ऊर्जा नवीकरणीय स्रोत, प्रदुषणविरोधी कार्यक्रमहरु, जनसङ्ख्या नियन्त्रण र ऊर्जा तथा जलस्रोतको प्रयोगका सन्दर्भमा लगानी तथा सचेतना वृद्धि जस्ता कार्यमा संलग्न हुन सक्छ। परिवर्तित विश्व परिदृश्यमा विकास निर्माण र उत्पादनका उक्त कार्यहरु सेनाको संलग्नताबाट सम्भव देखिन्छ।[४५] यद्यपि सडक, पुल निर्माणजस्ता विकास कार्यमा सेनाको संलग्नता विवादास्पद छ तर केही सुरक्षाविद् सेनाको सङ्ख्या र जिम्मेवारीलाई ध्यानमा राख्दै सेनालाई विकास-निर्माणमा संलग्न गराउनु पर्ने मान्यता राख्छन्। केही भने विकास कार्य मूलतः निजामति कर्मचारीतन्त्रको जिम्मेवारी रहेको र यस्ता कार्यमा संलग्न हुँदा सेनामा भ्रष्टाचार बढ्न सक्ने तर्क गर्दै सेना विकास कार्यमा सहभागी हुन नहुने तर्क गर्छन्। उच्च सुरक्षा आवश्यक पर्ने विमानस्थल, सीमा क्षेत्र, बैङ्क र रकम स्थानान्तरण, दूरसञ्चार टावर, जलविद्युतजस्ता क्षेत्रमा मात्र सेना संलग्न हुनुपर्ने बहस पनि चलिरहेको छ। विशिष्ट व्यक्तिको सुरक्षा तथा महत्वपूर्ण भौतिक संरचनाको सुरक्षामा सशस्त्र प्रहरी बल परिचालन गर्नु उपयुक्त हुने बहस चलेको छ।[४६]

नेपाली सेनाको सङ्गठनात्मक संरचना अन्तर्राष्ट्रिय संरचनाअनुसार नै छ र सङ्घीय लोकतान्त्रिक व्यवस्थामा यसको संरचना तथा जिम्मेवारीमा व्यापक परिवर्तन हुने छैन। जनताद्वारा निर्वाचित राष्ट्रपति नेपाली सेनाको सर्वोच्च कमाण्डर हुने भएकाले संविधानतः नेपाली सेना केन्द्रीय सरकारको मातहतमा हुनेछ। मन्त्रिपरिषद्ले नेपाली सेनाको नियन्त्रण, सञ्चालन र व्यवस्थापन गर्नेछ। मन्त्रिपरिषद्को सिफारिसमा राष्ट्रपतिले प्रधानसेनापति नियुक्त गर्नेछन्। नयाँ सङ्घीय शासन व्यवस्थामा सेनाको हालको पृतना सङ्ख्या भने सङ्घीय प्रदेशको सङ्ख्याअनुसार निर्धारण हुन सक्नेछ। राष्ट्रिय सुरक्षा नीतिअन्तर्गत नेपाली सेनाले आफ्ना पृतनाहरूका लागि रणनीतिक स्थान चयन गर्नुपर्नेछ। यस अतिरिक्त नेपाली सेनामा विद्यमान केही समस्याहरुको यथाशीघ्र समाधान खोज्नु आवश्यक छ:-

## ६.१.१. नेपाली सेनाको लोकतान्त्रिक नियन्त्रण

सेनाको लोकतान्त्रिक नियन्त्रणलाई लोकतान्त्रिक व्यवस्थाको महत्वपूर्ण विशेषतामध्ये एक मानिन्छ। लोकतान्त्रिक प्रणाली भएका देशहरुको अन्तर्राष्ट्रिय अभ्यासअनुसार नेपालको सन्दर्भमा 'लोकतान्त्रिकरण' शब्दको अर्थ 'नेपाली सेनाको लोकतान्त्रिक नियन्त्रण' भन्ने बुझिन्छ। यसको अभिष्ट नेपाल सरकारका कार्यपलिका र व्यवस्थापिका अङ्गहरुमा जनताद्वारा निर्वाचित जनप्रतिनिधिहरुले सेना तथा अन्य सुरक्षा निकायहरुको प्रभावकारी सुपरिवेक्षण गर्ने भन्ने हो।[४७] नेपालको अन्तरिम संविधान, २०६३ को धारा १४४ ले सेनामाथि लोकतान्त्रिक नियन्त्रणको व्यवस्था गरेको छ। नेपाली सेनाका गतिविधि निगरानी सुनिश्चित गर्न, सरकार र नेपाली जनताप्रति जवाफदेही बनाउन, समावेशी बनाउन, मानवअधिकारका सिद्धान्त र

४४ 'हाई टाइम फर एक्टिभ पिसकिपिङ एप्रोच', *ई-कान्तिपुर,* जेठ १४, २०७०।

४५ एच, शिवानन्द र गौतम, पि.के., 'रिएसेसिङ इन्डियाज् डिजास्टर मेनेजमेन्ट प्रिपेर्डनेस एण्ड दी रोल अफ दी इन्डियन आर्म्ड फोर्सेज, फोकस',

४६ नेपाल नीति अध्ययन प्रतिष्ठानले सुरक्षाविद्हरूसँग गरेको अन्तर्वार्तामा आधारित, २०७०-२०७१।

४७ नेपाल नीति अध्ययन प्रतिष्ठानद्वारा आयोजित सेमिनारमा कुलचन्द्र गौतमद्वारा प्रस्तुत कार्यपत्र, काठमाडौं, पुष २८, २०६६।

लोकतान्त्रिक मूल्यको भारवहन गराउन र भौतिक तथा नीतिगत आवश्यकतालाई सम्बोधन गरेर नेपाली सेनाको व्यावसायिकता र दक्षतामा सुधार सुनिश्चित गर्न नेपाली सेनामाथि लोकतान्त्रिक नियन्त्रण जरुरी छ।[४८] सेनाको लोकतान्त्रिक नियन्त्रण सुनिश्चित गर्ने तीन तह छन्, पहिलो हो- राजनीतिक तह । यस तहअन्तर्गत संसद् र मन्त्रिपरिषद् पर्दछन्। सेनाको व्यवस्थापन, सङ्गठनात्मक र पूर्वाधारसम्बन्धी आवश्यकता पूरा गर्न निर्णायक भूमिका निर्वाह गर्नु उनीहरूको जिम्मेवारी हो । यस अतिरिक्त बृहद् राष्ट्रिय सुरक्षा नीति र रक्षा रणनीतिबमोजिम सेना परिचालन र सञ्चालनको दायित्व पनि राजनीतिक तहको हो। दोस्रो तह हो- व्यवस्थापन तह जसअन्तर्गत रक्षा मन्त्रालय पर्दछ । रक्षासम्बन्धी विभिन्न विषयहरू, सेनाको व्यवस्थापन, निगरानी र कार्यविधि नियमानुसार रहेको सुनिश्चित गर्नु रक्षा मन्त्रालयको दायित्व हो ।[४९] राजनीतिक तह र व्यवस्थापन तह तथा नागरिक र सेनाबीच समन्वय र सञ्चार सुनिश्चित गर्न र नागरिक-सेना सम्बन्ध सुधार गर्न यस तहको अहम् भूमिका रहन्छ । तेस्रो तह सैन्य तह हो। सेनाको दैनिक व्यवस्थापन, रक्षा नीतिको कार्यान्वयनका साथै राजनीतिक र व्यवस्थापन तहबाट प्राप्त गरेका आदेश तथा निर्देशन कार्यान्वयन गर्नु तेस्रो तहको जिम्मेवारी हो । अन्तरिम संविधान, २०६३ मा नेपाली सेनाको 'नियन्त्रण, प्रयोग र परिचालन' को अधिकार मन्त्रिपरिषद्को सिफारिसमा राष्ट्रपतिसँग हुनेछ (धारा १४४(३)) भनी उल्लेख भएपनि संविधानमा आवश्यक प्रावधानको व्यवस्था गर्नु जरुरी छ।

## ६.१.२. नागरिक-सेना सम्बन्ध

नेपालमा 'नागरिक-सेना सम्बन्ध' माथि बहस गणतन्त्र स्थापना भएपछि मात्र प्रारम्भ भएको छ । सेना र नागरिकबीच अन्तरक्रिया तथा सम्वाद न्यून हुनाले उनीहरूबीच व्यापक वैचारिक भिन्नता थियो । तर, पछिल्लो समय नागरिक-सेना सम्बन्ध सुधार गर्न सेना र नागरिक दुवै पक्ष प्रयत्नशील देखिन्छन्। उक्त पहललाई थप प्रोत्साहन दिन दीर्घकालीन र प्रभावकारी उपाय अवलम्बन गर्नुपर्छ । स्वस्थ नागरिक-सेना सम्बन्ध सुनिश्चित गर्न र यसलाई निरन्तर सुदृढ बनाउन नेपाल सरकारले उपयुक्त कार्यक्रमहरू तर्जुमा गर्नुपर्छ। सेनाका गतिविधि निरीक्षण, सुपरिवेक्षण र सहजीकरण गर्न राष्ट्रिय सुरक्षा परिषद् र रक्षा मन्त्रालयले नागरिक समाज र सेनाका अधिकारीहरुबीच नियमित भेटघाट र अन्तरक्रिया सञ्चालन गर्नुपर्ने विज्ञहरूको धारणा रहेको छ । नागरिक र सेनाका बीच 'निड टु नो बेसिस (जानकारी आवश्यकताका आधारमा)'मा सूचना प्रवाह हुनुपर्छ । रक्षा मन्त्रालय र सेनाका लागि गरिने सुरक्षा मामिला, नीति, रणनीति, मानवअधिकारसम्बन्धी संयुक्त कार्यशाला र प्रशिक्षणले नागरिक र सेनाको दृष्टिकोणबीचको अन्तर न्यून गर्न सहयोग गर्नेछन्।

## ६.१.३. सेनाको उपयुक्त आकार

२०५८ मा सशस्त्र द्वन्द्वको समयमा नेपाली सेनाको सङ्ख्या ५८ हजारबाट बढेर अहिले ९५ हजार ७ सय ५३ पुगेको छ । पूर्वलडाकूहरूको समायोजनपछि हाल सेनाको सङ्ख्या ९६ हजार ९ सय २४ छ।[५०] अन्तरिम संविधान, २०६३ को धारा १४४(४) मा नेपाली सेनाको उपयुक्त सङ्ख्या निर्धारण गर्ने र लोकतान्त्रीकरणको कार्ययोजना तर्जुमा गरेर नेपाली सेनालाई लोकतान्त्रिक र समावेशी संरचना प्रदान गर्ने उल्लेख छ । सेनाको सङ्ख्या घटाउनुपर्छ, बढाउनुपर्छ वा वर्तमान सङ्ख्यालाई कायम राख्नुपर्छ भन्ने विषयमा सुरक्षाविद् र अन्य सरोकारवालाबीच बहस जारी छ ।[५१] सेनाको सङ्ख्या कटौती गर्नुपर्छ भन्ने पक्षमा रहेकाहरूको तर्क छ- 'नेपाल भू-रणनीतिक दृष्टिले महत्वपूर्ण अवस्थितिमा छ, त्यसैले भारत र चीनसँग कूटनीतिक र मित्रवत् सम्बन्धलाई

४८ नेपाल नीति अध्ययन प्रतिष्ठानले आयोजना गरेको सेमिनारमा रक्षा मन्त्रालयका तत्कालीन सचिव नबिन घिमिरेद्वारा प्रस्तुत कार्यपत्र, 'नेपाली सेनाको लोकतान्त्रिकरण', माघ, २०६७।

४९ पूर्वउल्लेखित।

५० नेपाली सेनाको वेबसाइटः http://www.nepalarmy.mil.np

५१ नेपाल नीति अध्ययन प्रतिष्ठानले सुरक्षाविद्हरूसँग गरेको अन्तर्वार्तामा आधारित, २०७०-२०७१।

सुदृढ बनाउन जोड दिनुपर्छ' । तर, सेनाको वर्तमान आकार कायम राख्नुपर्छ भन्नेहरूको तर्क छ - 'छिमेकी देशहरूसँग मित्रवत् सम्बन्ध राखेपनि नेपालको भूमि आतङ्कवादीहरुले प्रयोग गर्न सक्छन् । उनीहरूले नेपालविरुद्ध मात्र होइन, भारत र चीन वा अन्य मित्र राष्ट्रविरुद्ध पनि नेपाली भूमि प्रयोग गर्न सक्ने सम्भावना रहन्छ । यसका साथै नेपालमा क्षेत्रीय, धार्मिक र जातीय द्वन्द्वका सम्भावनाहरू पनि कायम छन् । त्यसैले नेपालमा सशक्त र प्रभावशाली सेना हुनुपर्छ ।'

बृहद् राष्ट्रिय सुरक्षा नीतिमा आधारित भएर सुरक्षा चुनौती, आवश्यकता र सरोकारलाई सम्बोधन गर्न सेनाको उपयुक्त आकारबारे निर्णय गर्नुपर्छ । अन्तर्राष्ट्रिय सम्बन्ध, राज्यको आर्थिक सम्भाव्यता र वैकल्पिक सुरक्षा प्रबन्धको परिचालनको सम्भावनालाई बुझ्नु पनि उपयुक्त हुनेछ ।

## ६.१.४. पारदर्शिता र जवाफदेहिता

नागरिक समाजका सदस्य र सुरक्षाविद्हरूले नेपाली सेनाको कार्य प्रणाली, आर्थिक तथा प्रशासनिक मामिलामा पारदर्शिता र जवाफदेहिताको अभावबारे सवाल उठाइरहेको सन्दर्भमा यस सम्बन्धी उपयुक्त कानुनको आवश्यकता छ। सुरक्षा संवेदनशीलताका कारण नेपाली सेनाले आफ्ना सबै कार्यविधि सार्वजनिक गर्न नसकेपनि आफ्ना काम-कार्यवाही पारदर्शी बनाउनु पर्छ । नेपाली सेनाका काम-कार्यवाही पारदर्शी र सरकारप्रति जवाफदेही बनाउन रक्षा मन्त्रालयले प्रभावकारी भूमिका निर्वाह गर्नुपर्ने धारणा विज्ञहरूको छ । रक्षा मन्त्रालयले नीति निर्माणका साथै नेपाली सेनाका गतिविधि नियमन र निगरानी गर्नुपर्छ । सेनाको पुनःसंरचना र लोकतान्त्रीकरणका लागि रक्षा मन्त्रालयले गर्नुपर्ने प्रमुख प्रारम्भिक कार्य भर्ती, पदोन्नति र तैनाथीका लागि योजना तर्जुमा गर्नु हो । त्यसैगरी राष्ट्रसङ्घीय शान्ति स्थापना कार्यलगायत नेपाली सेनाको कार्यक्षेत्रबारे पनि योजना बनाउन आवश्यक छ । रक्षा मन्त्रालयले सेनामा योग्य उम्मेद्वार का साथै ऐतिहासिक रूपमा सेनामा न्यून प्रतिनिधित्व रहेको समुदायका उम्मेद्वारलाई पनि प्रोत्साहनपूर्ण प्रशिक्षण नीति बनाउनुपर्छ ।

नेपाली सेना, नेपाल प्रहरी र राष्ट्रिय अनुसन्धान विभाग तीनवटै सुरक्षा निकायमा संयुक्त राष्ट्रसङ्घीय मिसन र उच्च पदहरुका लागि भेटिङ प्रक्रियाको आलोचना हुने गरेको छ । नेपालमा भेटिङ प्रक्रियाको आधारका बारेमा संयुक्त राष्ट्रसङ्घले प्रश्न समेत अघि सारेको छ ।[५२] यस सन्दर्भमा नेपाल सरकार र सरोकारवाला निकायहरुले भेटिङ प्रक्रिया अझ वैज्ञानिक र अन्तर्राष्ट्रिय मापदण्डअनुरुप बनाउनु आवश्यक छ । नेपाली सेनामा आर्थिक पारदर्शिता सुनिश्चित गर्न रक्षा मन्त्रालयका गैरसैनिक अधिकारीहरू रक्षा बजेट तयार र निरीक्षण कार्यमा संलग्न हुनुपर्छ र सैन्य खर्चको उचित निगरानी पनि सुनिश्चित गर्नुपर्छ । यस उद्देश्यमा मापदण्डसहितको आचारसंहिता विकास र कार्यान्वयन सहयोगी हुनेछ । नेपाली सेनासँग पनि आवश्यकताहरूको प्राथमिकता निर्धारणमार्फत आर्थिक व्यवस्थापन गर्ने उपयुक्त संयन्त्र हुनु जरुरी छ । सैनिक कल्याणकारी कोषका सन्दर्भमा धेरै आलोचना र संशय व्यक्त गरिएका छन्,[५३] त्यसैले सेनाका कार्य पूर्णतः पारदर्शी बनाउनु आवश्यक छ ।

## ६.१.५. समावेशीकरण

अन्तरिम संविधान, २०६३ (धारा १४४(४)) ले नेपाली सेनाको 'लोकतान्त्रिक संरचना र राष्ट्रिय तथा समावेशी चरित्र' निर्माण गर्न कार्ययोजना तर्जुमा गरिने र सेनालाई 'लोकतन्त्र र मानवअधिकारका मूल्य'अनुसार प्रशिक्षित गरिनेछ भनी जोड दिएको छ । यद्यपि मधेसी, दलित, ब्राह्मणजस्ता निश्चित समुदाय र महिलाको नेपाली सेनामा न्यून प्रतिनिधित्व पाइन्छ । नेपाली सेनामा सबै दर्जामा गरेर १ हजार ७ सय ७६ महिला सुरक्षाकर्मी छन् । यो कुल सैनिक सङ्ख्याको १.९१ प्रतिशत हो । आफ्नो कुल सैन्य सङ्ख्यामा ५ प्रतिशत महिलाको प्रतिनिधित्व गराउने र समावेशीकरणका लागि अन्तर्राष्ट्रिय मापदण्डअनुरुप रहेको नेपाल सरकारको निर्देशिका अनुसरण गर्ने

५२ 'यूएन टु क्वेशन नेपाल पिसकिपर्स भेटिङ बेसिस', *ई-कान्तिपुर,* पुस २२, २०६९ ।
५३ 'नो रङडुइङ इन वेलफेयर फन्डः नेपाल आर्मी', *ई-कान्तिपुर,* असोज १२, २०६७ ।

नेपाली सेनाको लक्ष्य छ।[५४] नेपाल प्रहरी र सशस्त्र प्रहरी बलसँगै नेपाली सेनाले छुट्टाछुट्टै प्रतिस्पर्धाबाट नियुक्त गरिने उम्मेद्वारका लागि ४५ प्रतिशत आरक्षणको व्यवस्था गरिसकेको छ । यस आरक्षणमाः महिला- २० प्रतिशत, आदिवासी-जनजाति- ३२ प्रतिशत, मधेसी- २८ प्रतिशत, दलित- १५ प्रतिशत र दुर्गम क्षेत्र- ५ प्रतिशत आरक्षणको व्यवस्था छ।[५५] परिणामस्वरुप सेनामा महिला र सिमान्तकृत समुदायको सहभागितमा वृद्धि भएको छ। यद्यपि सेनालाई राष्ट्रिय चरित्र प्रदान गर्न नेपाली सेनामा अझ धेरै सुधार बाँकी छ। महिलालाई सेनामा भर्ती हुन प्रोत्साहन गर्ने वातावरण निर्माण गर्नु पनि आवश्यक छ। यसै सन्दर्भमा नेपाली सेनाले 'लैङ्गिक आचरणसम्बन्धी निर्देशिका २०७०'[५६] र 'महिला सैनिक निर्देशिका २०७०' लागू गरिसकेको छ। यसले सेनाभित्र लैङ्गिक मुद्दाहरुमा कमी आउने सम्भावना देखिन्छ।

## ६.१.६. मानवअधिकार

मानवअधिकारको संरक्षण र सम्बर्द्धन सुरक्षा निकायहरुको मूलभूत जिम्मेवारी भएपनि सुरक्षा निकाय आफैँले मानवअधिकार उल्लङ्घन गरेका धेरै दृष्टान्त छन् । इन्टरनेसनल क्राइसिस ग्रुपलगायत अन्य अन्तर्राष्ट्रिय मानव अधिकार सङ्गठनहरुले सशस्त्र द्वन्द्वमा सेनाको संलग्नता र त्यस अवधिमा भएका मानवअधिकार उल्लङ्घनबारे विस्तृत विवरण सार्वजनिक गरेका छन्।[५७] यसै बीच २०७० को मानवअधिकार दिवसका अवसरमा प्रधानसेनापति गौरवशमशेर राणाले मानवअधिकार को संरक्षण र सम्मानलाई नेपाली सेनाले संस्थागत गर्ने प्रतिबद्धता व्यक्त गर्नुका साथै मानवअधिकार विषयको अध्ययनलाई सेनाभित्र सबै तहको प्रशिक्षण र शिक्षामा समावेश गर्ने घोषणा पनि गरेका छन्।[५८] तर सेनाले आफ्नो प्रतिबद्धताअनुसार कार्य गर्नुपर्छ। यसको सुरुवात द्वन्द्वकालमा भएका मानवअधिकार उल्लङ्घनका घटनालाई सत्य निरूपण तथा मेलमिलाप आयोग र बेपत्ता नागरिक छानबिन आयोगअन्तर्गत स्वतन्त्र र निष्पक्ष सुनुवाइमार्फत गर्नुपर्छ। नेपाली सेनाको समग्र कार्यकारी तहमा मानवअधिकार एकाई गठन गरिनुपर्छ। यस अतिरिक्त सेनाले आफ्नो आचरणमा रूपान्तरण गर्नुपर्ने आवश्यकता पनि छ । त्यसैले सेनाका उच्च अधिकृतहरूले तल्लो दर्जाका सुरक्षाकर्मीहरुसँग बोल्ने र व्यवहार गर्ने तरिकामा मानवअधिकारका मूल्य वास्तविक रूपमा प्रतिविम्बित हुनुपर्छ।

## ६.१.७. क्षमता अभिवृद्धि

सीमित स्रोतसाधन र नेपाल सरकारले उपलब्ध गराउने अप्रचलित हातहतियारका बाबजुद नेपाली सेनालाई तुलनात्मकरुपमा दक्ष सङ्गठन मानिन्छ। यद्यपि आफूलाई थप योग्य, दक्ष र सेवाप्रदायक निकाय बनाउन नेपाली सेना सोहीअनुरुप अधिक प्रशिक्षित, साधनसम्पन्न र अभिप्रेरित हुनुपर्छ।

## ६.२. नेपाल प्रहरी

सङ्घीय लोकतान्त्रिक व्यवस्थामा अन्य सुरक्षा निकायभन्दा नेपाल प्रहरी मौलिक पुनःसंरचना प्रक्रियाबाट गुज्रिनेछ। सङ्घीय व्यवस्थामा सङ्गठनभित्र सहभागितामूलक र

५४ नेपाली सेनाको वेबसाइटः http://www.nepalarmy.mil.np

५५ अवस्थी, गङ्गादत्त र अधिकारी, रविन्द्र, (सं.), *चेन्जेज इन द नेप्लिज सिभिल सर्भिस आफ्टर दी एडप्टेसन अफ इन्क्लुसिभ पोलिसी एन्ड रिफर्म मिजर्स,* सपोर्ट टू पार्टिसिपेटरी कन्स्टिच्युसन बिल्डिङ इन नेपाल (एसपीसीबीएन)/यूएनडीपी, २०६९।

५६ 'नेपाल आर्मी इम्प्लिमेन्ट्स डिरेक्टिभ्स अन जेन्डर कन्डक्ट', *माई रिपब्लिका,* पुष १९, २०७० । http://www.myrepublica.com/portal/index.php?action=news_details&news_id=67331

५७ नोरिस, जोन, *ह्युमन राइट्स अन्डर सिज इन नेपाल,* इन्टरनेसनल क्राइसिस ग्रुप, मङ्सिर ५, २०७० ।

५८ २०७० को अन्तर्राष्ट्रिय मानवअधिकार दिवसका उपलक्ष्यमा प्रधानसेनापतिको मन्तव्य । http://www.nepalarmy.mil.np/coas_speech.php?

परामर्शात्मक शैलीको व्यवस्थापन लागू गर्न नेपाल प्रहरीलाई सङ्घीयकरण गरिनेछ । नेपाल प्रहरीको अधिकार र शक्ति विकेन्द्रीकृत गर्न यसलाई तीन तहमा[५९] पुनःसंरचना गरिनेछ- केन्द्रीय प्रहरी, प्रदेश प्रहरी र स्थानीय प्रहरी ।

सङ्घीय लोकतान्त्रिक व्यवस्थामा नेपाल प्रहरीको संरचना सबैभन्दा ठूलो चुनौती हो । नेपाल प्रहरीको पदीय संरचना यथावत रहेपनि हरेक प्रदेशको आफ्नै प्रहरी व्यवस्था हुन सक्छ ।

नेपाल प्रहरीको संरचनाका लागि दुई ढाँचा (मोडेल) उपलब्ध छन् । पहिलो हो- बहु-समन्वयात्मक केन्द्रीकृत स्वरूप (Multiple Coordinated Centralised model) र दोस्रो- बहु-असङ्गठित विकेन्द्रीकृत स्वरूप (Multiple Unorganised Decentralised model)।[६०] उक्त मोडेलहरु नेपालको विशिष्ट सामाजिक-सांस्कृतिक, आर्थिक र भौगोलिक अवस्थाअनुकूल केही संशोधनसहितका हुन सक्नेछन् । बहु-समन्वयात्मक केन्द्रीकृत मोडेलमा केन्द्रीय सरकार र हरेक प्रदेशका आफ्नै प्रहरी हुनेछन् । अधिकृतभन्दा तल्लो तहका प्रहरीको भर्ती, पदोन्नति र स्थानान्तरण राष्ट्रिय निर्देशक सिद्धान्तअन्तर्गत रहेर प्रदेश सरकारले गर्नेछ। कुनै निश्चित प्रदेशको प्रहरीमा भर्ती हुनका लागि त्यही प्रदेशको स्थानीय बासिन्दा हुनुपर्नेछ। यसले प्रहरी सेवाका तीन महत्वपूर्ण पक्ष सुनिश्चित गर्नेछ। पहिलो- प्रतिनिधिमूलक र समावेशी हुनेछ। दोस्रो- अधिकृतभन्दा तल्लो दर्जाका प्रहरी अधिकारीहरू वास्तविक सेवाप्रदायक हुनेछन् । जनताको प्रत्यक्ष सम्पर्कमा हुने उनीहरूले स्थानीय सामाजिक-सांस्कृतिक, भाषिक, भौगोलिक र सुरक्षा पक्षहरूसँग बढी परिचित हुनुपर्नेछ । र, तेस्रो पक्ष हो- प्रहरीमा कुनै समुदायको सघन प्रतिनिधित्व छ भने त्यस समुदायका सदस्यमा प्रहरीप्रति स्वामित्वको बलियो भावना हुनेछ । त्यसैगरी समुदाय र स्थानीय प्रहरीले साझेदारीमार्फत समुदायका लागि उपयुक्त नीति तयार गरी कार्यान्वयन गर्न सक्छन्। अधिकृतभन्दा उच्च दर्जाका प्रहरी अधिकारीहरूको बढुवाको अधिकार भने केन्द्रीय सरकारसँग हुनेछ ।

बहु-असङ्गठित विकेन्द्रीकृत मोडेलमा प्रदेशसँग शान्ति सुरक्षा सुनिश्चितताका लागि स्वायत्त अधिकार हुन्छ र उसले स्वतन्त्ररूपमा आफ्ना सबै प्रहरी सुरक्षाकर्मीको भर्ती, बढुवा र सरुवा गर्न सक्नेछ । यस मोडेलमा केन्द्र सरकारसँग जगेडा बल (रिजर्भ फोर्स) हुनेछ । सङ्कटकाल वा आवश्यक परेको खण्डमा प्रदेश सरकारले केन्द्र सरकारसँग सहयोग माग्न सक्छ। विशेष परिस्थिति र आवश्यकतामा केन्द्रले प्रदेश सरकारको अनुमतिमा आफ्ना अधिकृतहरू विभिन्न प्रदेशमा पठाउन सक्छ ।

नेपालको विशिष्ट सामाजिक-सांस्कृतिक, राजनीतिक, आर्थिक र भौगोलिक यथार्थमा आधारित रहेर सरकार, राजनीतिक दल र अन्य सरोकारवालाहरुको निर्णयबमोजिम माथि उल्लेखित मोडेलमध्ये एकलाई संशोधन गरी लागू गर्न सकिन्छ। सङ्घीय लोकतान्त्रिक गणतन्त्र नेपालले जुनसुकै मोडेल अङ्गीकार गरे पनि विज्ञहरू तालिम तथा प्रशिक्षणको अधिकार भने केन्द्र सरकारसँग हुनुपर्ने धारणा राख्छन्। यसले सबै प्रदेशका प्रहरीको कार्यप्रणालीमा एकरूपता ल्याउनेछ । राजपत्राङ्कित प्रहरी अधिकृतहरूको आधारभूत र उन्नत, दुवै प्रशिक्षण कार्यक्रम राष्ट्रिय प्रहरी प्रतिष्ठानले तयार गर्नुपर्छ । प्रतिष्ठानले नै यी कार्यक्रमहरूको सञ्चालन, निरीक्षण र मूल्याङ्कन गर्नुपर्छ । प्रदेश प्रहरी प्रशिक्षण केन्द्रहरू सम्बन्धित प्रदेशका प्रहरी जवानका प्रशिक्षण र क्षमता अभिवृद्धिका लागि जिम्मेवार हुनेछन् । यी पुनःसंरचनाबाहेक नेपाल प्रहरीमा हुनुपर्ने अन्य संस्थागत तथा सङ्गठनात्मक सुधार यसप्रकार छन्:

५९ संविधानसभा विषयगत समितिको प्रारम्भिक प्रतिवेदनले नेपाललाई तीन तहमा पुनःसंरचना गर्ने उल्लेख गरेको छ, जसअनुसार नेपाल प्रहरीको पनि तीन तहमा पुनःसंरचना हुनेछ ।

६० वार्गेसे, जोन, *पोलिस स्ट्रक्चरः ए कम्पेरेटिभ स्टडी अफ पुलिसिङ मोडेल्स,* मा आधारित, गभर्मेन्ट ल कलेज, कोजिकोदे, २०६६ ।

## ६.२.१. प्रहरीको अनुपात

अन्तर्राष्ट्रिय मापदण्डअनुसार कम जनघनत्व भएका ठाउँमा प्रहरी र जनसङ्ख्या अनुपात १:५०० र महानगरीय क्षेत्रमा १:२५० छ। तर, नेपालमा भने प्रहरीको वर्तमान सङ्ख्या ६७ हजार १ सय ८१ मात्र छ। यसको अर्थ- एक जना प्रहरीले ४ सय ४३ जना नागरिकलाई सुरक्षा दिनुपर्छ। प्रशासनिक कार्यमा संलग्न र बिदा तथा प्रशिक्षणमा रहेका प्रहरी कर्मचारी समेत गर्दा प्रहरी र जनसङ्ख्या अनुपात १: ६८२.७[६१] हुन आउँछ। यसरी अपर्याप्त मानव स्रोत र बन्दोबस्ती क्षमताले प्रहरी सेवामा व्यवधान पुगेको छ। सुरक्षा चुनौती अझ जटिल हुने अपेक्षा गरिएको सङ्घीय संरचनामा प्रहरी र जनसङ्ख्या अनुपातको अन्तरलाई कम गर्नु अपरिहार्य छ।

## ६.२.२. राजनीतिक हस्तक्षेप

सुरक्षा निकायको राजनीतिकरण लामो समयदेखि हाम्रो देशको गम्भीर समस्या रहिआएको छ। नेपाल प्रहरीलाई सत्तारुढ पार्टीले उपयोग गरेर निर्वाचन जित्ने औजारका रूपमा प्रयोग गर्दै आएका छन्। यसका साथै उनीहरूले आर्थिक लाभ हाँसिल गर्न र पार्टी कार्यकर्तालाई भर्ती गराउन पनि नेपाल प्रहरीमा चलखेल समेत गर्ने गरेका छन्।[६२]

अपराधको राजनीतिकरण, राजनीतिको अपराधीकरण, दण्डहीनता, अपराधीहरूको राजनीतिक संरक्षण र प्रहरी कर्मचारीको पदोन्नति, भर्ती र स्थानान्तरणमा राजनीतिक हस्तक्षेपका कारण नेपाल प्रहरीको व्यापक राजनीतिकरण भएको र यसले प्रहरी सेवालाई कमजोर बनाइरहेको छ। नेपाल प्रहरीलाई राजनीतिक हस्तक्षेपबाट मुक्त गर्न सुधारका कदम चाल्नु पर्छ। प्रहरी भर्ना र पदोन्नति प्रक्रियामा सुधार गरेर यो लक्ष्य हाँसिल गर्न सकिन्छ। प्रहरी भर्ती, पदोन्नति र स्थानान्तरणमा निष्पक्षता सुनिश्चित गर्न यस प्रक्रियालाई लोक सेवा आयोगअन्तर्गत गठन गरिएको प्रहरी सेवा आयोग जस्तो स्वतन्त्र सुरक्षा सेवा आयोगअन्तर्गत ल्याउनु उपयुक्त हुन्छ। प्रहरी सेवा आयोगले प्रहरी कर्मचारीको छनोट र भर्ना प्रक्रियाको निगरानी गर्नुपर्छ।[६३] त्यसैगरी कार्यसम्पादनलाई प्रोत्साहन गर्न दुई वर्षसम्म प्रहरी कर्मचारीको सरुवा नगरिने व्यवस्था गरिनुपर्छ। निष्पक्ष र निर्वाध प्रहरी सेवाका लागि प्रहरी सुरक्षाकर्मीका साथै राजनीतिकर्मीको इच्छाशक्ति सर्वोपरि छ। यसले प्रहरी व्यवस्थाको राजनीतिकरणलाई रोक्न सक्छ।

## ६.२.३. पारदर्शिता र जवाफदेहिता

आर्थिक अनियमितताका कारण नेपाल प्रहरी पटक-पटक विवादमा आउने गरेको छ। प्रहरी महानिरीक्षकदेखि अधिकृतसम्म गम्भीर भ्रष्टाचार अभियोगमा मुछिएका छन्।[६४] प्रहरी भर्ना र बढुवाको समयमा व्यापक भ्रष्टाचार हुने गरेको छ। अपराध अनुसन्धान विभाग र ट्राफिक नियन्त्रण विभागमा व्यापक भ्रष्टाचार हुने गरेका छन्।[६५] न्यायको सुनिश्चितताको लागि पर्याप्त साधनस्रोत र अनुसन्धान गर्ने अधिकारसम्पन्न स्वतन्त्र भ्रष्टाचारविरोधी निकायको स्थापनाका लागि प्रस्ट कानुनी व्यवस्था गर्नुपर्छ।

प्रमाणको अभावमा ६० प्रतिशतभन्दा बढी अपराधका मुद्दा खारेज हुने गरेका छन्। यसले प्रहरीको जनताप्रति

६१ नेपाल प्रहरीको वेबसाइटः //www.nepalpolice.gov.np/

६२ उप्रेती, विष्णुराज र भ्यानहाउट, पिटर, (सं.), *सेक्युरिटी सेक्टर रिफर्म इन च्यालेन्जिङ इन्भाइरोन्मेन्ट्स* मा 'सेक्युरिटी सेक्टर रिफर्म इन नेपालः च्यालेन्जेज एन्ड अपर्च्युनिटिज', बर्न, हान्स र स्नाबेल, अल्ब्रख्त, (सं.), (मुन्सटरः लिट, २००९): पृष्ठ १६५-१८७, http://www.dcaf.ch/yb

६३ ढुङ्गाना, शिव के., *पोलिसिङ इन नेपालः अ कलेक्सन अफ एसेज* मा 'एड्रेसिङ करप्सन इन पोलिस रिफर्म', सेफरवर्ल्ड, २०६४, पृष्ठ ३९।

६४ अख्तियार दुरुपयोग अनुसन्धान आयोगद्वारा सुडान घोटालामा तीन जना पूर्वआइजीपी, वरिष्ठ प्रहरी अधिकारीहरूविरुद्ध भ्रष्टाचार मुद्दा दायर, *नेपाल न्युज,* असार, २०६८।

६५ ढुङ्गाना, पूर्वउल्लेखित।

जवाफदेहिताको अभाव र प्रभावहीनता दर्शाउँछ । प्रहरी विभागमा कार्यप्रणाली र आर्थिक मामिलामा पारदर्शिताको पनि अभाव छ । प्रहरीलाई थप पारदर्शी र जवाफदेही बनाउन राजनीतिक इच्छाशक्ति, नागरिक अभियान र सशक्त तथा प्रभावकारी कानुन आवश्यक छ । प्रभावकारी प्रहरी सेवाका लागि सम्पूर्ण सरकारी कर्मचारीलाई जवाफदेही र पारदर्शी बनाउनुपर्छ जसका लागि तत्काल नयाँ ऐनको व्यवस्था गर्नु जरुरी छ ।

## ६.२.४. नागरिक-प्रहरी सम्बन्ध

सार्वजनिक सुरक्षा र कानुन कार्यान्वयनका लागि जनतासँग सबैभन्दा निकट रहेर काम गर्ने सुरक्षा निकाय नेपाल प्रहरी हो । सार्वजनिक सुरक्षाका लागि नेपाल प्रहरी पहिलो निकाय भएपनि नागरिक-प्रहरी सम्बन्ध सन्तोषजनक छैन । सार्वजनिक सुरक्षा मामिलामा नेपाल प्रहरीको उदासीनता, नागरिकप्रति उसको खराब आचरण र बढ्दो भ्रष्टाचार यसका प्रमुख कारण हुन् । विभिन्न प्रतिवेदनले प्रहरीमाथि जनताको विश्वास न्यून भएको देखाएका छन् । २०६२/६३ सालको जनआन्दोलनताका प्रहरी सरकारको औजारका रूपमा प्रयोग भएको थियो । जनताले प्रहरीलाई विश्वास नगर्नुको कारण सत्ता र शक्तिमा रहेकाहरूले यसलाई औजारका रूपमा प्रयोग गर्ने परम्परा पनि हो । प्रहरी अधिकारीहरूका अनुसार जनतालाई प्रहरीको भूमिका र सीमाको बोध न्यून भएकाले जनताले प्रहरीबाट अविवेकपूर्ण अपेक्षा राख्ने र कानुनको उपेक्षा गर्ने प्रवृत्ति कायम छ । सामुदायिक प्रहरी सेवामार्फत जनतालाई संलग्न गरेर, सामाजिक र सामुदायिक गतिविधिमा सहभागी भएर र सार्वजनिक शिक्षा कार्यक्रममा नागरिक समाजसँग सहकार्य गरेर प्रहरीले क्रमशः जनतासँग सम्बन्ध सुदृढ गर्नुका साथै उनीहरूको विश्वास जित्न सक्छ ।[६६] प्रहरी सेवामा जनताको पहुँच बढाउनुपर्छ, जनताले विना कुनै भय उजुरी दर्ता गर्न पाउनुपर्छ, सरुवा र बढुवा प्रक्रियामा मनन गर्न सकिने गरी प्रहरीको मूल्याङ्कनमा सहभागी हुन पाउनुपर्छ । प्रहरी व्यवस्थामा सुधारको दीर्घकालीन सफलताका लागि 'जनताको सेवा नै पहिलो प्राथमिकता' भन्ने अवधारणा स्वीकार गर्दै नेपाल प्रहरीले प्रभावकारी सेवा प्रवाह र समस्या-समाधान पद्धतिमा आधारित भएर कार्य गर्नुपर्छ र कानुन कार्यान्वयनमा जनताको साझेदारी र जवाफदेहिताको सशक्त प्रणालीअन्तर्गत कार्य गर्नुपर्छ ।[६७]

## ६.२.५. क्षमता अभिवृद्धि

प्रहरीमा हाल सुरक्षाकर्मी, प्रशिक्षण, पूर्वाधार, उपकरण र मनोबलको अभाव छ । 'अत्यन्त कम बल प्रयोग'को सिद्धान्त भए पनि उनीहरूसँग अप्रचलित र पुराना हतियार छन् । २०५२ पश्चात वर्तमान समयसम्म माओवादी आक्रमण र मानवअधिकार हननका घटनालाई लिएर नेपाल प्रहरीले धेरै आलोचना खेप्नु परेको छ । यसले प्रहरीको संस्थागत मनोबलमा अत्यन्त प्रतिकूल असर पारेको छ । अन्यायपूर्ण बढुवा र सरुवाका कारण कर्मचारी हतोत्साहित बनेका छन् । नेपाल प्रहरीको मनोबल पुनः कायम गर्न नयाँ ढङ्गले प्रोत्साहनपूर्ण कदम चाल्नु जरुरी छ । देशभर सुरक्षा व्यवस्था कायम राख्ने जिम्मेवारी सफलतापूर्वक सम्पन्न गराउन प्रहरीमा प्रचलित सेवासुविधा, मनोबल वृद्धि, कर्मचारीको सङ्ख्या, प्रशिक्षण क्षमता र हतियार आदि विषयमा संस्थागत सुधार आवश्यक छ ।[६८] यस सम्बन्धमा प्रस्ट र

६६ थापा, गोविन्दप्रसाद, *पोलिसिङ इन नेपाल: अ कलेक्सन अफ एसेज* मा 'कम्युनिटी पोलिसिङः लेसन्स फ्रम नेपाल', सेफर वर्ल्ड, २०६३ ।
६७ पूर्वउल्लेखित ।
६८ पाठक, विष्णु, *नेपाल पोलिस रिभोल्टः इक्जाम्पल अफ स्टेट ललेसनेस*, हर्निङ, निल, (सं.), कन्फ्लिक्ट स्टडी सेन्टर, साउन ६, २०६५ ।

विशिष्ट प्रावधान र क्षमता अभिवृद्धिको मानकीकरण लागू गर्नुपर्छ, खासगरी अधिकृत तहमा। प्रहरी सुरक्षाकर्मीलाई नियमित प्रशिक्षण तथा योग्यलाई पुरस्कृत गर्ने प्रणाली नेपाल सरकारको प्राथमिकता सूचीमा पर्नुपर्छ।

## ६.२.६. मानवअधिकार र समावेशीकरण

मानवअधिकारको संरक्षण तथा सम्मान लोकतन्त्रको आधारभूत आधार हो। यद्यपि नेपाल प्रहरीले अपराध अनुसन्धान र कानुन कार्यान्वयन गराउने क्रममा मानवअधिकार संहिता उल्लङ्घन गरेका थुप्रै घटना सतहमा आएका छन्।[६९] आपराधिक घटनाबाट नागरिकहरुको रक्षा गर्न र सार्वजनिक सुव्यवस्था कायम गर्न प्रहरीले बल प्रयोग गर्न सक्छ। कानुनले प्रहरीद्वारा बल प्रयोग हुनसक्ने नियम तथा अवस्थाबारे स्पष्ट रूपमा किटान गर्नुपर्छ। प्रहरी अधिकृतले कुन परिस्थितिमा र कतिसम्म बल प्रयोग गर्न सक्छ भन्ने सम्बन्धमा कानुनमा स्पष्ट उल्लेख हुनुपर्छ। बल प्रयोगमा प्रहरीको विवेकको व्याख्या गर्दा अन्तर्राष्ट्रिय मापदण्डलाई निर्देशक सिद्धान्त मान्नुपर्छ।[७०] नेपालले अनुमोदन गरेका अन्तर्राष्ट्रिय मानवअधिकार सन्धिहरूले निर्दिष्ट गरेका मानकहरूलाई पालना गर्नु नेपाल प्रहरीको दायित्व हो। कानुन पालना गराउने निकायहरूले बल प्रयोगको विकल्प अपनाउनुभन्दा पहिले अहिंसात्मक निरोधका उपायहरू प्रयोग गर्नुपर्छ।[७१] यस दिशामा नेपाल प्रहरीको लापरबाहीको मूल कारण प्रहरी कर्मचारीबीच मानवअधिकारका मूल्यसम्बन्धी शिक्षा र प्रशिक्षणको अभाव हो। यद्यपि मानवअधिकारको उचित संरक्षण र सम्बर्द्धनका लागि माघ २, २०५९ मा नेपाल प्रहरीअन्तर्गत मानवअधिकार एकाई स्थापना भएको थियो। उक्त एकाईले प्रहरी सुरक्षाकर्मीको क्षमता विकास गर्न विभिन्न गतिविधि सञ्चालन गर्दै आएको छ। आर्थिक वर्ष २०६७ मा मात्र प्रहरी कार्यवाही र प्रहरी हिरासतका दौरान मानव अधिकार उल्लङ्घन गरेको अभियोगमा २० प्रहरी सुरक्षाकर्मीविरुद्ध विभागीय कार्यवाही गरिएको थियो, जसमध्ये ३ जना उच्च अधिकृत थिए भने १७ जना अन्य दर्जाका थिए। मानवअधिकार एकाईको गठनपश्चात हालसम्म कुल ५८६ प्रहरी सुरक्षाकर्मीमाथि मानवअधिकार उल्लङ्घन गरेको अभियोगमा विभागीय कार्यवाही भइसकेको छ, जसमध्ये ८६ अधिकृत र ४८५ जना अन्य दर्जाका हुन्।[७२]

महिला र सीमान्तकृत समुदायप्रति प्रहरी अधिक समावेशी हुनुपर्छ। नेपाल प्रहरीमा ६.१३ प्रतिशत मात्रै महिला सुरक्षाकर्मी छन्।[७३] सार्वजनिक सुरक्षाको प्रधान प्रबन्धकर्ताका हैसियतले नेपाल प्रहरीले नागरिक शक्तिसँग समन्वय गरेर लैङ्गिक आधारमा हुने हिंसा, बाल दुर्व्यवहार र सानातिना अपराधका लागि 'फास्ट ट्र्याक' न्यायमा आधारित विशेष अदालतहरू स्थापना गर्नुपर्छ।

## ६.२.७. नीतिगत संशोधन

२०१२ देखि प्रहरी ऐन र नीतिमा संशोधन भएको छैन। कतिपय क्षेत्रमा ती अप्रचलित छन्। विगतका प्रहरी नीतिहरूको संशोधन आवश्यक छ। त्यसैगरी विद्यमान सुरक्षा आवश्यकता र चुनौतीलाई सम्बोधन गर्न र सुरक्षा सुनिश्चित गर्न नीतिहरुको पुनरावलोकन, संशोधन र आद्योपान्त समीक्षा अपरिहार्य छ। नेपाल

६९ 'नेपालः पोलिस अफिसर गिभ्स ओपन च्यालेन्स टू इन्भेस्टिगेट एन्ड प्रसिक्युट', फागुन २६, २०७०। http://www.humanrights.asia/news/urgent-appeals/AHRC-UAU-009-2014

७० भासाकमाद्जे, मिन्दिया, *दी सेक्युरिटी सेक्टर लेजिस्लेसन अफ दी फेडेरल डेमोक्रेटिक रिपब्लिक अफ नेपाल* मा 'कमेन्ट्री अन दी पोलिस एक्ट, १९५५', फुयाल, हरि, (सं.), २०६५, पृष्ठ ७४।

७१ कानुन कार्यान्वयन गराउने अधिकारीहरूको बल तथा हतियार प्रयोगसम्बन्धी राष्ट्रसङ्घीय आधारभूत सिद्धान्त (सिद्धान्त ४, ५, ६ र ९)।

७२ नेपाल प्रहरीको वेबसाइटः http://www.nepalpolice.gov.np/

७३ पूर्वउल्लेखित।

प्रहरीलाई गैर राजनीतिक, व्यावसायिक, प्रभावकारी र दक्ष सुरक्षा निकायका रुपमा विकसित गर्न सरकारले प्रहरी सङ्गठनको संस्थागत व्यावसायिकतालाई प्रवर्द्धन, प्रशिक्षणको स्तरवृद्धि गर्न संस्थागत मनोबल वृद्धिमा सहयोग गर्नुपर्छ । प्रहरीलाई जनताप्रति थप उत्तरदायी बनाउन, लोकतान्त्रिक नियन्त्रणका आधारभूत तत्व, जवाफदेहिता र सामुदायिक सहभागितालाई समेटेर नीतिको रूपरेखा तयार गर्नुपर्छ ।

## ६.३. सशस्त्र प्रहरी बल

सशस्त्र प्रहरी बल गृह मन्त्रालयको निर्देशनअन्तर्गत कार्य गर्ने अर्धसैनिक बल हो । देशभित्र विद्रोह तथा पृथकतावादी र आतङ्कवादी गतिविधि नियन्त्रण तथा सीमा सुरक्षा गर्नु र कानुन पालना गराउनका लागि तयारी अवस्थामा रहनु यसका प्राथमिक दायित्व हुन् । सङ्घीय लोकतान्त्रिक गणतन्त्र नेपालमा पनि यसको भूमिका मूलतः उस्तै प्रकृतिको हुने विज्ञहरूको धारणा छ। यद्यपि सशस्त्र प्रहरी बलले औद्योगिक तथा जलविद्युत सुरक्षा, विशेषज्ञताप्राप्त कमान्डोलगायतका थप जिम्मेवारी प्राप्त गर्न सक्छ । विशेष परिस्थितिमा प्रदेश सरकारको अनुरोध र आवश्यकताका आधारमा पनि सशस्त्र प्रहरी बल परिचालित हुनेछ ।

नेपालको भारतसँग १८०० किलोमिटर र चीनसँग १४०० किलोमिटर सीमा छ। नेपाल-भारत खुला सीमा व्यवस्था र कमजोर निगरानीका कारण नेपाल सीमापार अपराध, तस्करी र मानव तथा लागुपदार्थ ओसारपसारका लागि उर्वर भूमि बन्न पुगेको छ।[७४] नेपाल अन्तर्राष्ट्रिय अपराधीहरूको सुरक्षित आश्रयस्थल समेत बनेको छ। साथै, नेपाल-भारत सीमामा भारतले नेपाली भूमि अतिक्रमण गरेका थुप्रै समाचार आएका छन्।[७५] सङ्घीय व्यवस्थामा अन्तर-प्रदेश सीमाका कारण समेत विवाद उत्पन्न हुन सक्छन् । यसप्रकारको विवाद समाधान गर्ने दायित्व सशस्त्र प्रहरी बलको हुनुपर्ने विज्ञहरूको धारणा छ । सशस्त्र समूहको बढ्दो सङ्ख्या र आतङ्कवादी क्रियाकलापको उच्च सम्भावनाले अर्धसैनिक बलका रूपमा सशस्त्र प्रहरी बलको भूमिका महत्वपूर्ण छ । सङ्घीय लोकतान्त्रिक गणतन्त्र नेपालमा यी गैरकानुनी तत्वहरूलाई नियन्त्रण र व्यवस्थापन गर्ने दायित्व सशस्त्र प्रहरी बलको हुनेछ। प्रदेशहरूको स्थापनापछि आन्तरिक र अन्तर-प्रदेश द्वन्द्व नियन्त्रण गर्नु सशस्त्र प्रहरीको जिम्मेवारी हुनुपर्छ । त्यसैले परिवर्तित सुरक्षा तथा राजनीतिक सन्दर्भमा सशस्त्र प्रहरीलाई विशिष्टिकृत फौजका रूपमा विकास गर्नु र यसैअनुरुप प्रशिक्षित र साधनसम्पन्न बनाउनु उपयुक्त हुनेछ ।

बढ्दो सामाजिक-सांस्कृतिक तथा राजनीतिक अशान्तिका कारण आन्दोलन, दङ्गा, हिंसा, बन्द, अपहरण, जबर्जस्ती असुली र हत्याका घटनामा वृद्धि भइरहेको छ।[७६] यस्ता अशान्ति र असुरक्षा नियन्त्रण गर्नु र कानुन कार्यान्वयन सुनिश्चित गर्नु मूलतः नेपाल प्रहरीको दायित्व हो। यद्यपि नेपाल प्रहरी एक्लैले सामना गर्न नसक्ने परिस्थितिमा शान्ति-सुव्यवस्था कायम गर्न सशस्त्र प्रहरी बलले सहयोग गर्नेछ। यस अतिरिक्त वर्तमान कार्यादेशअनुसार, सशस्त्र प्रहरी बलले गम्भीर द्वन्द्व र युद्धका समयमा नेपाली सेनाको मातहतमा रहेर शान्ति र सामञ्जस्यका लागि कार्य गर्नुपर्छ। सशस्त्र प्रहरी बल केन्द्र सरकारको अधीनमा रहने प्रमुख सुरक्षा निकाय हो । यसले नेपाल प्रहरीका सङ्घीय एकाईले कानुन तथा सुव्यवस्था कायम गर्न नसकेका बेला त्यो रिक्ततालाई पूरा गर्नेछ र आवश्यक परेको खण्डमा नेपाली सेनालाई सहयोग गर्नेछ। त्यसैले नयाँ सङ्घीय लोकतान्त्रिक गणतन्त्र नेपालमा सशस्त्र प्रहरी बललाई सशक्त बनाउन विशेष ध्यान दिनु आवश्यक छ ।

यी जिम्मेवारीका साथै सङ्घीय लोकतान्त्रिक गणतन्त्र नेपालमा प्राकृतिक प्रकोप र महामारीका समयमा राहत कार्यमा सशस्त्र प्रहरी बलको संलग्नतालाई

७४ लम्साल, युवराज, 'हाई टाइम टु रेगुलेट नेपाल-इन्डिया बोर्डर', *दी विक्ली मिरर,* २०६५ ।
७५ '७१ स्थानमा नेपालको सीमा अतिक्रमणः सीमाविद्', *ई-कान्तिपुर,* वैशाख २१, २०७० ।
७६ *नेपालको शान्ति प्रक्रियाको सिंहावलोकन,* संस्करण-१, अङ्क-८, नेपाल नीति अध्ययन प्रतिष्ठान, साउन, २०७० ।

निरन्तरता दिनुपर्छ । कुनै पनि अपहरित नागरिकलाई उद्धार गर्नु पनि उसको दायित्व हुनेछ । जघन्य र गम्भीर अपराधका घटना र गम्भीर अशान्तिमा नागरिकहरूको उद्धार गर्नु र राष्ट्रसङ्घीय शान्तिस्थापना कार्यमा सहभागी हुनु पनि सशस्त्र प्रहरी बलको जिम्मेवारी हुनेछ ।

परिवर्तित सन्दर्भमा सशस्त्र प्रहरी बललाई थप जिम्मेवारी दिइनुपर्ने विज्ञहरूको धारणा छ । औद्योगिक, बैङ्किङ, जलविद्युत र प्रमुख पूर्वाधार र प्रतिष्ठानजस्ता आर्थिक महत्वका क्षेत्र, संसदीय भवनजस्ता महत्वपूर्ण स्थल र राष्ट्रपति, प्रधानमन्त्री र मन्त्रीहरूका निवासमा विशिष्टिकृत र उच्चस्तरीय सुरक्षाको आवश्यकता पर्छ । उक्त स्थल तथा विशिष्ट व्यक्तिहरुको सुरक्षा जिम्मेवारी सशस्त्र प्रहरीको हुनेछ । यसका लागि सशस्त्र प्रहरीभित्र विशिष्टिकृत निकायहरुको स्थापना गर्नु आवश्यक छ । जस्तोः अतिविशिष्ट व्यक्तिहरूको सुरक्षाको लागि कमान्डो फोर्स, प्रतिआतङ्कवादी बल, र्‍यापिड एक्सन फोर्स आदि ।

सङ्घीय व्यवस्थामा सशस्त्र प्रहरी बल केन्द्र सरकार अन्तर्गत रहनेछ । त्यसैले यसको सङ्गठनात्मक र पदीय संरचनामा व्यापक परिवर्तन हुने सम्भावना छैन । तर, सशस्त्र प्रहरी बलले हरेक प्रदेशमा एउटा वाहिनी राख्नु उपयुक्त हुनेछ । निश्चित प्रदेशको आईजीपी आफ्नो मातहत रहेको कमान्ड फोर्सको निर्देशन र सञ्चालनका लागि जिम्मेवार हुनेछन् । सशस्त्र प्रहरी बलको सञ्चालन केन्द्र सरकारले गर्नेछ । तर सशस्त्र प्रहरी ऐनमा पारदर्शी नियमहरूको तर्जुमा गर्नुपर्छ । ऐनले कुनै निश्चित प्रदेशमा कुन परिस्थितिमा सशस्त्र प्रहरी बल तैनाथ गरिने हो, त्यसको व्याख्या गर्नुपर्छ ।

सशस्त्र प्रहरी बलको माथि उल्लेखित पुनःसंरचनाबाहेक निम्न विद्यमान संस्थागत तथा सङ्गठनात्मक समस्यामा गम्भीर ध्यानाकर्षण जरुरी छ ।

## ६.३.१. कार्यको दोहोरोपना

नेपाल प्रहरीको कार्य समाजमा कानुन तथा सुव्यवस्था कायम गर्नु हो भने सशस्त्र प्रहरी बलको भूमिका लडाकू फौजका रूपमा कार्य गर्नु हो । नेपाल प्रहरीले मात्र सम्हाल्न कठिन भएको द्वन्द्व, अशान्ति, आतङ्कवादी गतिविधि र कानुन पालनामा कठिनाइजस्ता विशेष परिस्थितिमा सशस्त्र प्रहरी परिचालित हुन्छ । नेपाल सरकारले नेपाल प्रहरी र सशस्त्र प्रहरीका लागि तर्जुमा गरेका सुरक्षा नीति र कार्यादेशले यी दुई सुरक्षा निकायका भूमिका प्रस्टसँग निर्दिष्ट गर्न सकेको छैन । उदाहरणका लागि यी दुवै निकाय सीमा सुरक्षा, दङ्गा नियन्त्रण, प्रकोप व्यवस्थापनमा संलग्न छन् । तर, कहिले र कुन परिस्थितिमा यी निकाय परिचालित हुने भन्ने स्पष्ट नीति छैन । उक्त स्पष्ट नीतिको अभावमा विभिन्न क्षेत्रमा प्रहरी र सशस्त्र प्रहरीका कार्यमा दोहोरोपना र अन्योल देखिन्छ । सीमा क्षेत्र, भन्सार विभाग, विशिष्ट व्यक्तिको सुरक्षा र दङ्गा नियन्त्रण जस्ता विषयमा समेत यी दुई निकायको भूमिका बीच अस्पष्टता देखिन्छ । जिम्मेवारीको दोहोरोपना र परस्पर व्याप्तिका कारण यी दुई निकायबीच विवाद र टकराव भएका घटना थुप्रै छन् ।[७७] त्यसैले दुवै निकायलाई स्पष्ट कार्यादेश आवश्यक छ । उदाहरणका लागि सीमा सुरक्षा व्यवस्थापनमा निरीक्षण र दैनिक सुरक्षा जाँच सशस्त्र प्रहरीले गर्नुपर्छ । तर, यी जाँच र निरीक्षणपछि हुने अपराध अनुसन्धान भने नेपाल प्रहरीले मात्र गर्नुपर्छ । दङ्गा नियन्त्रण मूलतः नेपाल प्रहरीको कर्तव्य हो तर प्रतिकूल परिस्थितिमा भने नेपाल प्रहरीसँग समन्वय गर्दै सशस्त्र प्रहरी सक्रिय हुनुपर्छ ।

## ६.३.२. नीतिगत संशोधन

सशस्त्र प्रहरी ऐन, २०५८ तथा सशस्त्र प्रहरीका नीति तथा सञ्चालन निर्देशिका सशस्त्र द्वन्द्वको अवधिमा तयार गरिएका थिए । सङ्घीय व्यवस्थामा चुनौतीहरूको

७७ 'पोलिस फोर्सेज क्ल्यास ओभर ट्रक स्मगलिङ', *दी हिमालयन टाइम्स*, २०७१ ।

सम्बोधन गर्न यी निर्देशिका र कार्यादेशमा समयोचित संशोधन र सुधार गर्नुपर्ने बेला भइसकेको छ। पुरानो स्वरूपमा भैँ नीति र संरचना उही रहने हो भने नवीन राजनीतिक व्यवस्थामा प्रदेशहरूले थप जटिल समस्याहरूको सामना गर्नुपर्नेछ। सशस्त्र प्रहरीले बेलायतमा भएको स्वतन्त्र निरीक्षणालय आयोग (इन्डिपेन्डेन्ट इन्सपेक्टोरेट कमिसन) जस्तो प्रभावकारी अनुगमन र मूल्याङ्कन संयन्त्र स्थापना गर्नुपर्छ ।[७८] यस्तो स्वतन्त्र समितिले सशस्त्र प्रहरी बलको कार्यलाई वार्षिक रूपमा मूल्याङ्कन गर्नेछ र आवश्यक सुधारका लागि सिफारिस गर्नेछ।

## ६.३.३. पारदर्शिता र जवाफदेहिता

सशस्त्र प्रहरी बलका सुरक्षाकर्मी राजस्व सङ्कलन, कर छली र अन्य भ्रष्टाचारका स्वरूपमा संलग्न भएका समाचार सार्वजनिक भइरहेका छन्।[७९] सुरक्षाकर्मीहरूको पक्षपातपूर्ण पदोन्नति र स्थानान्तरणका खबर पनि आइरहन्छन्। यस सम्बन्धमा प्रहरी सेवा आयोगअन्तर्गत सशस्त्र प्रहरी बल सेवा आयोग स्थापना गर्नुपर्ने विज्ञहरुको भनाइ छ, जसले सशस्त्र प्रहरी कर्मचारीको भर्ती, पदोन्नति र स्थानान्तरण निरीक्षण गर्नेछ । सशस्त्र प्रहरीभित्र कठोर आचारसंहिता लागू गर्नुपर्छ र सोहीअनुसार सुरक्षा निकायको सञ्चालन र व्यवस्थापनलाई स्थापित गर्नुपर्छ।

## ६.३.४. क्षमता अभिवृद्धि

सशस्त्र प्रहरी अर्धसैनिक बल हो। तर, यसलाई उच्चस्तर को विशेषज्ञताप्राप्त र प्रवीण अर्धसैनिक बलका रुपमा विकास गर्न सकिएको छैन। नेपाल सरकारले यथाशीघ्र सशस्त्र प्रहरी बलको क्षमता र दक्षता अभिवृद्धिका लागि प्रावधान बनाउनु र पर्याप्त बजेट विनियोजन गर्नुपर्छ। आफ्नो उत्कृष्ट सामर्थ्यमा रहेर कार्य गर्न अन्य सुरक्षा निकायलाई भैँ सशस्त्र प्रहरी बललाई पनि उत्प्रेरणाको आवश्यकता छ । दक्ष सुरक्षाकर्मीलाई पुरस्कृत गर्ने र सङ्गठनका नीति, कार्यादेश र चरित्रविपरीत कार्य गर्ने हरूलाई दण्डित गर्ने प्रणाली विकास गर्नुपर्छ।

## ६.३.५. मानवअधिकार र समावेशीकरण

सशस्त्र प्रहरी बल मानवअधिकार उल्लङ्घनका घटनामा त्यति धेरै संलग्न पाइएको छैन। यद्यपि मानवअधिकारको विश्वव्यापी सिद्धान्तलाई प्रशिक्षण र शिक्षाका सबै तहको अनिवार्य पठ्यक्रम बनाउनु आवश्यक छ । त्यसैगरी सशस्त्र प्रहरीमा महिलालाई प्रोत्साहन गर्न सङ्गठनभित्र थप लैङ्गिकमैत्री र मानवअधिकारमैत्री वातावरण सिर्जना गर्नुपर्छ। मानवअधिकार उल्लङ्घन र लैङ्गिक दुर्व्यवहार प्रति शून्य सहनशीलताको नीतिलाई संस्थागत गर्नुपर्छ। सशस्त्र प्रहरी बल महिला र सीमान्तकृत समुदायका लागि अझ बढी समावेशी हुनुपर्छ।

## ६.४. राष्ट्रिय अनुसन्धान विभाग

राष्ट्रिय अनुसन्धान विभाग राष्ट्रिय हितका सूचना सङ्कलन, प्रशोधन र विश्लेषण गर्ने जिम्मेवारी पाएको प्रमुख सङ्गठन हो ।[८०] विज्ञहरूका अनुसार सङ्घीय गणतन्त्र नेपालमा विभागको भूमिका यसप्रकार हुनेछः राष्ट्रिय नीति तर्जुमा गर्न नेपाल सरकारलाई सहयोग गर्नु, मन्त्रिपरिषद्मार्फत सरकारलाई गुप्तचरी विषयमा सल्लाह दिनु, राष्ट्रिय सुरक्षा परिषद्लाई अपराधसम्बन्धी मामिलामा सुझाव दिनु, जासुसी कार्य गर्नु र राष्ट्रिय तथा अन्तर्राष्ट्रिय स्तरका जटिल आपराधिक गतिविधिविरुद्ध सूचना सङ्कलन गर्नका लागि विभागको कार्यदक्षता वृद्धि गर्ने कार्यक्रमहरूको योजना बनाउनु आदि । अपराध रोकथाम र अनुसन्धानका लागि रणनीति तर्जुमा गर्नु, प्रकोप पूर्वतयारीलाई बढाउनु, राष्ट्रिय सुरक्षाको सम्बर्द्धनका लागि अन्य सुरक्षा निकाय र संस्थासँग मिलेर

७८ श्रेष्ठ, चुडाबहादुर, *पोलिसिङ इन नेपालः अ कलेक्सन अफ एसेज* मा 'आर्म्ड पोलिस एन्ड पोलिसिङ इन नेपाल' सेफरवर्ल्ड, २०६३।

७९ 'दुई सय अधिकारीसहित सशस्त्र प्रहरी प्रमुख अख्तियारको छानबिनमा', *ई-कान्तिपुर,* असार १४, २०७०।

८० राई, पूर्वउल्लेखित।

बृहद् कार्य-सञ्जाल बनाउनु, साधनसम्पन्न नभइसकेको प्रदेश प्रहरीलाई कठिन परिस्थितिमा सुव्यवस्था पुनर्बहाली र अपराध अनुसन्धान गर्न स्रोत तथा सामग्री उपलब्ध गराएर सहयोग गर्नु र अन्तर्राष्ट्रिय अपराध नियन्त्रण गर्न इन्टरपोल र विदेशी समकक्षीसँग समन्वय गर्नु अनुसन्धान विभागका अतिरिक्त जिम्मेवारी हुन् । त्यसैगरी विभागले कुनै प्रदेशको क्षेत्राधिकारभित्र नपर्ने सीमा-पार अपराध अनुसन्धान गर्न प्रदेशलाई सहयोग गर्नेछ । विभागले सबै सुरक्षा निकायसँग समन्वय गर्नेछ र उनीहरूको सेवा प्रवाहमा पूरक हुने सूचना र जानकारी उपलब्ध गराउनेछ।

राष्ट्रिय अनुसन्धान विभाग राष्ट्रको आँखा र कान हो । त्यसैले यो केन्द्र सरकारको अधिकारअन्तर्गत रहनेछ । तर, सबै प्रदेशमा विभागको प्रतिनिधित्व हुनेछ । प्रदेश सरकारहरूको सुरक्षा स्थितिलाई बलियो बनाउन विभागका सङ्घीय कार्यालयहरूले केन्द्र सरकारमातहत काम गर्नुपर्छ। कुनै प्रदेशको सुरक्षा सरोकारसँग सम्बन्धित सूचना उक्त प्रदेशको सरकारलाई उपलब्ध गराउनुपर्छ । गृह मन्त्रालयअन्तर्गत रहेको कारण नै राष्ट्रिय अनुसन्धान विभाग अप्रभावकारी भएको आरोप लागाइन्छ । गृह मन्त्रालयले यसलाई प्रभावकारी गुप्तचर निकायका रूपमा विकास गर्न सकेको छैन । विगतमा गृहमन्त्रीहरूले आफू र आफ्ना पार्टीलाई फाइदा हुने सूचना सङ्कलन गर्न विभागलाई साधन बनाएर यसको दुरुपयोग गरेको आरोप लगाइन्छ । त्यसैले यसलाई प्रधानमन्त्रीको कार्यालयअन्तर्गत राख्नु तर्कसङ्गत हुनेछ । अन्य सङ्घीय लोकतान्त्रिक राष्ट्रहरूको अभ्यास बमोजिम सङ्घीय व्यवस्थामा राष्ट्रिय अनुसन्धान विभागलाई विभिन्न विशिष्ट विभागमा विभाजन गर्न सकिन्छ । जस्तै: राष्ट्रिय सुरक्षा र राष्ट्रिय स्वार्थका दृष्टिले महत्वपूर्ण क्षेत्रहरूमा विशिष्टिकृत राष्ट्रिय इकाई, विदेशी राष्ट्र तथा राष्ट्रिय र अन्तर्राष्ट्रिय नीतिहरूसँग सम्बन्धित सूचना सङ्कलन र विश्लेषण गर्ने उद्देश्य भएको अन्तर्राष्ट्रिय इकाई, अन्य सुरक्षा निकायका लागि महत्वपूर्ण सूचना सङ्कलन र प्रदान गर्ने उद्देश्यको सुरक्षा इकाई, राष्ट्रिय राजनीति र कर्मचारीतन्त्रसम्बन्धी सूचना हाँसिल गर्ने विशेषज्ञता भएको र उनीहरूका काम र भ्रष्टाचारमा केन्द्रित राजनीतिक तथा प्रशासनिक इकाई, विद्यमान वा सम्भावित सामाजिक तथा सांस्कृतिक सङ्घर्षसँग सम्बन्धित सूचनामा विशेषज्ञता भएको सामाजिक-सांस्कृतिक इकाई, र अपराध अनुसन्धानसँग सम्बन्धित नयाँ आविष्कार र नवप्रवर्तनलाई नियाल्ने वैज्ञानिक तथा प्राविधिक इकाई, जस्ता विभिन्न विभाग स्थापना गर्न सकिन्छ ।

राष्ट्रिय अनुसन्धान विभागका पुन:संरचनाबाहेक सुधार गर्नुपर्ने अन्य केही पक्ष यसप्रकार छन्:-

## ६.४.१. राजनीतिक हस्तक्षेप

हाल राष्ट्रिय अनुसन्धान विभाग राजनीतिक दलहरूको भर्तीकेन्द्रका रूपमा परिचित छ । यो नेपालको सबैभन्दा बढी राजनीतिकरण भएको सुरक्षा निकाय हो । विगतमा विभागभित्र भर्ती, पदोन्नति र स्थानान्तरण सत्तासीन दलको सिफारिसमा हुने गरेका थिए । विभागको राजनीतिकरणले देशको गोप्य सूचना सङ्कलनमा मात्रै हानि पुऱ्याएको छैन, देशकै सुरक्षामा सङ्कट उत्पन्न गरेको छ । यद्यपि प्रहरी सेवा आयोगले विभागको भर्ती प्रक्रियाको जिम्मेवारी लिएपछि विभागमा राजनीतिक हस्तक्षेप केही कम भएको बताइन्छ । योग्य व्यक्तिहरूको प्रवेशलाई सुनिश्चित गर्न विभागभित्र कठिन र उच्च प्रतिस्पर्धात्मक भर्ती प्रक्रियालाई संस्थागत गर्नुपर्छ । राष्ट्रिय अनुसन्धान विभागका कार्य गोप्य र केही हदसम्म अपारदर्शी हुनु अपेक्षित भएपनि विभागले लोकतन्त्रका आधारभूत सिद्धान्तमा भने अड्चन पुऱ्याउनु हुँदैन ।

## ६.४.२. क्षमता अभिवृद्धि

कुनै पनि देशको सम्पूर्ण विकासका लागि गुप्तचर सेवा सक्षम हुनुपर्छ र यसले सफलतापूर्वक कार्यसम्पादन गरिरहेको हुनुपर्छ । गुप्तचर सेवाले नै अन्य सबै सुरक्षा निकायका लागि आधार तयार गरिदिन्छ । तर, नेपालको परिप्रेक्ष्यमा राष्ट्रिय अनुसन्धान विभागले खासै

प्रभावकारी भूमिका निर्वाह गर्न सकेको छैन । नेपाल सरकारले विभागको क्षमता अभिवृद्धि र मानव संसाधन तथा दक्षतामा सुधारका लागि बढी लगानी गर्ने र विभागलाई उच्च प्रविधियुक्त र आधुनिक उपकरणले सम्पन्न गराउने समय भइसकेको छ। साथै, विभागका कर्मचारीका लागि प्रोत्साहन र उत्प्रेरणाका नीति र कार्ययोजनाहरू विकास गर्नुपर्छ।

## ७. सङ्घीय प्रणालीमा सुरक्षा चुनौती

देश सङ्घीय राज्यमा रूपान्तरण हुँदा विद्यमान सुरक्षा चुनौतीसँगै नयाँ चुनौती पनि सतहमा आउने सम्भावना छ । परिवर्तित सामाजिक-राजनीतिक परिप्रेक्ष्यमा नेपालका सुरक्षा सरोकारहरू जटिल छन् । एकातिर, जटिल सङ्क्रमणकालबाट नेपाल नयाँ शासन प्रणालीमा प्रवेश गर्दैछ भने अर्कोतिर नेपालमा पहिलेदेखि नै जटिल सुरक्षा, राजनीतिक, सामाजिक-राजनीतिक र आर्थिक पक्ष विद्यमान छन् । यस परिवेशमा सङ्घीय शासन व्यवस्थामा सुरक्षा चुनौती खडा गर्न सक्ने केही उल्लेख्य पक्ष यसप्रकार छन्:-

### ७.१ सुरक्षा निकायहरुको संरचना र भूमिकाबारे अपर्याप्त बहस

सुरक्षा निकायको पुनःसंरचनासम्बन्धी बहस सङ्कीर्ण, अपर्याप्त र राजनीतिप्रेरित विषयहरूमा केन्द्रित छ । संविधानसभा, राजनीतिक वृत्त र विभिन्न अनौपचारिक मञ्चहरूमा सङ्घीयता र यसका पक्षहरूबारे व्यापक बहस भएका छन्। तर, देशको पृथक सुरक्षा, सामाजिक-सांस्कृतिक, भौगोलिक, आर्थिक र राजनीतिक यथार्थमा आधारित सम्भावित मोडेलबारे पर्याप्त बहस भएको छैन। प्रमुख नीति निर्मातामा सुरक्षा निकायहरुको भूमिका, जिम्मेवारी र कार्यादेश पुनःपरिभाषित गरी पुनःसंरचना गर्ने बारेमा पर्याप्त ज्ञान र तत्परता भएको देखिँदैन । पुनःसंरचना अपरिहार्य भएपनि परिवर्तित सन्दर्भमा सुरक्षा निकायको भूमिका र जिम्मेवारीलाई लोकतान्त्रिक मान्यता र सुशासनका मूल्य र सिद्धान्तअनुरूप बनाउनुपर्ने आवश्यकता बोध गरिएको छैन ।

### ७.२ सुरक्षा निकायहरूबीच समन्वयको अभाव

सञ्चार र समन्वय सङ्घीय व्यवस्थामा सुरक्षा निकायहरूको प्रमुख चुनौतीमध्ये एक हो। राष्ट्रिय तथा अन्तर्राष्ट्रिय सुरक्षा चुनौतीका दृष्टिकोणले पनि सुरक्षा सञ्जाल, सञ्चालन प्रावधान, सरकारहरू (केन्द्र, प्रदेश र स्थानीय) र सुरक्षा निकायको अन्तरसम्बन्ध सही ढङ्गले निर्धारण गर्नुपर्छ । यस सम्बन्धमा केन्द्र र प्रदेश सरकारका रक्षा मन्त्रालय र गृह मन्त्रालयका सचिव तथा मन्त्री र सुरक्षा निकायका उच्चपदस्थ अधिकारीहरू समाविष्ट एउटा प्रभावकारी समन्वयात्मक संयन्त्र बनाउनुपर्ने विज्ञहरूको राय छ। सुरक्षा सरोकार का सम्बन्धमा निरन्तर सञ्चार र निर्णय प्रक्रियाका लागि उक्त अङ्ग महत्वपूर्ण हुनेछ।

### ७.३ परिवर्तित सन्दर्भमा सुरक्षा चुनौती

द्वन्द्वोत्तर राष्ट्र हुनुका साथै संसारका कम विकसित देशमध्ये एक भएकाले नेपालमा पहिले नै गम्भीर सुरक्षा चुनौती छन् । नेपालले दैनिक कानुन पालना र सार्वजनिक सुरक्षादेखि सीमा अतिक्रमण, सीमापार अपराध, ओसारपसार, तस्करी, अतिवादी आन्दोलनजस्ता सीमासँग सम्बन्धित चुनौतीको सामना गर्दै आएको छ। सुरक्षा आवश्यकताका आधारभूत तत्व कायम गर्न नै नेपाल सङ्घर्षरत छ । सङ्घीय गणतन्त्र नेपालमा आन्तरिक र अन्तर प्रदेश समन्वयका साथै अन्तर-प्रदेश आपराधिक गतिविधिसँग सम्बन्धित सुरक्षा चुनौती थपिनेछन्।

### ७.४ जातीय द्वन्द्व र क्षेत्रीय अशान्ति

पछिल्लो समय नेपालमा जातीयता र जातीयतामा आधारित सङ्घीयताको मुद्दा प्रमुख बहसको विषय बनेको छ। मध्य र सुदूरपश्चिम क्षेत्रमा प्रदेशलाई आफ्नो समुदायमा आधारित बनाउन थारु र अन्य समुदायबीच विगतमा सङ्घर्षका घटना भएका छन्। त्यसैगरी लिम्बू समुदायको 'लिम्बूवान' प्रदेशको मागका कारण पूर्वी

क्षेत्रमा धेरै बन्द, भिडन्त र अशान्ति हुने गरेको छ । २०६६ माघ १२ गते संविधानसभाको 'राज्यको पुनःसंरचना र राज्यशक्तिको बाँडफाँड समिति'ले केही स्वायत्त क्षेत्रसहित १४ प्रदेशको मोडेल प्रस्ताव गरेको थियो । उक्त मोडेलमा जातीय नाम समाविष्ट थिए ।[८१] राज्य पुनःसंरचना आयोगका बहुसङ्ख्यक सदस्यले पनि २०६८ माघ १७ मा ११ प्रदेशको मोडेल प्रस्ताव गरेका थिए। ती प्रदेशका नाम जातीय आधारमा राखिएका छन् ।[८२] तर अधिकांश सङ्घीयताविद्हरू जातीय आधारको सङ्घीयता सबैभन्दा विवादास्पद सङ्घीय मोडेल भएको बताउँछन् । सङ्घीयताले देशलाई विखण्डनतर्फ धकेल्ने सम्भावना रहने भएकाले कतिपय चिन्तक जातीय सङ्घीयतालाई खतरनाक अवधारणा मान्छन् ।[८३] पछिल्लो समय राजनीतिक पार्टीहरूले जातीयतामा आधारित सङ्घीयताको अवधारणालाई वकालत गरेका छैनन् । यस्तो परिस्थितिमा जातीयतामा आधारित सङ्घीयता अनुमोदित भए पनि, नभए पनि नेपालमा जातीय, सामाजिक तथा क्षेत्रीय सद्भाव खल्बलिन सक्छ ।

## ७.५ सङ्घीयतासम्बन्धी ताजा जनादेश

संविधानसभाको दोस्रो निर्वाचनले नेपाली काङ्ग्रेस र नेकपा (एमाले)लाई क्रमशः पहिलो र दोस्रो ठूलो पार्टीका रूपमा स्थापित गरेको छ । सुरक्षा निकायको पुनःसंरचनाका साथै सङ्घीय लोकतान्त्रिक गणतन्त्र नेपालमा प्रदेश सङ्ख्याबारे दुवै पार्टीका मूलभूत अवधारणा समान प्रकृतिका छन् । त्यसैले काङ्ग्रेस-एमाले गठबन्धन सरकारले नेपाली जनताको चाहनालाई सम्मान र सम्बोधन गर्ने संविधान घोषणा गर्नुपर्ने जिम्मेवारी र चुनौती दुवैको सामना गर्नु पर्नेछ ।

## ७.६ राजनीतिक हस्तक्षेप र सुरक्षा निकायको दुरुपयोग

सुरक्षा निकाय विशेषतः नेपाल प्रहरी, सशस्त्र प्रहरी बल र राष्ट्रिय अनुसन्धान विभागमा विद्यमान समस्यामध्ये राजनीतिक हस्तक्षेप विकराल समस्याका रुपमा रहेको छ। राजनीतिक दल र मन्त्रीहरूको चरम दबाबका कारण यी सङ्गठनहरूको संस्थागत मनोबलमा गिरावट आएको छ। पार्टी र नेताहरूले आफ्ना निहित स्वार्थ पूरा गर्न सुरक्षा निकायहरूको दुरुपयोग गर्ने संस्कारको विकास भएको छ । त्यसैले दण्डहीनताको अवस्थाले प्रहरीले अपनाएको कानुन कार्यान्वयनका कमजोर प्रावधानहरूको उपहास गरिरहेको छ ।

## ७.७ विद्यमान सुरक्षा चुनौतीहरूको विरासत

भूपरिवेष्ठित विकासोन्मुख राष्ट्र नेपाल राजनीतिक सङ्क्रमणकालबाट गुज्रिरहेको छ । त्यसैले नेपालमा उल्लेख्य आन्तरिक तथा बाह्य सुरक्षा चुनौती विद्यमान छन् । दुई विशाल राष्ट्र चीन र भारतको बीचमा अत्यन्त महत्वपूर्ण भू-रणनीतिक अवस्थितिमा रहेको नेपाल यी दुवै देशका राजनीतिक तथा सामरिक स्वार्थको शिकार हुन सक्ने संवेदनशील स्थितिको सामना गर्न बाध्य छ । यस अतिरिक्त भारतले सीमा अतिक्रमण गरिरहेको विवाद चलिरहेको अवस्थामा सीमा क्षेत्रमा सुरक्षा व्यवस्था थप प्रभावकारी बनाउन आवश्यक छ ।[८४] नेपाल-भारत खुला सीमाका कारण सीमापार अपराध, तस्करी र मानव बेचबिखन तथा लागुपदार्थ ओसारपसार नेपालको सुरक्षामा चुनौती बनेका छन् । आन्तरिक सुरक्षाका क्षेत्रमा नेपालले दैनिक कानुन कार्यान्वयनदेखि विभिन्न अशान्ति तथा सङ्घर्ष रोकथाम र नियन्त्रणको चुनौती

८१ हेर्नुहोस्, संविधानसभा राज्य पुनःसंरचना र राज्यशक्तिको बाँडफाँड समितिको अवधारणापत्र र प्रारम्भिक मस्यौदामाथिको प्रतिवेदन, २०६६

८२ शर्मा, बी. र खरेल, पी., 'एसआरसी फेल्ज टु अफर अ वे आउट', *दी काठमान्डू पोस्ट,* माघ १८, २०६८ ।

८३ इन्टरनेसनल क्राइसिस ग्रुप, *इथियोपियाः इथ्निक फेडेरलिजम एन्ड इट्स डिसकन्टेन्ट्स* मा 'दी पोलिटिक्स अफ सेल्फ-डिटरमिनेसन', अफ्रिका प्रतिवेदन नम्बर १५३, भदौ १९, २०६६ ।

८४ 'भारतद्वारा नेपालका ७१ स्थानमा सीमा अतिक्रमण जारी', http://www.nepalnews.com/archive/2013/apr/apr06/news05.php

सामना गरिरहेको छ। बढ्दो सामाजिक तथा राजनीतिक द्वन्द्वका कारण देशको अर्थतन्त्रमा नकारात्मक प्रभाव परेको छ। परिणामतः अपराध र आपराधिक गतिविधिमा निरन्तर वृद्धि भइरहेको छ । हत्या, लुटपाट, अपहरण, धम्की, दुर्घटना आदि नेपालको आन्तरिक सुरक्षाका गम्भीर चुनौती हुन् ।

## ८. सुझावहरू

बृहद् अनुसन्धान र सुरक्षाविद्का धारणा तथा प्रतिवेदनहरूमा आधारित रहेर, नेपाल सरकार, राजनीतिक दल, सुरक्षा निकाय र अन्य सरोकार वालाहरूले सङ्घीय लोकतान्त्रिक व्यवस्थामा सुरक्षा निकायहरुको भूमिका एवम् संरचना उपयुक्त ढङ्गले निर्धारण गर्न निम्नलिखित सुझावहरुलाई अविलम्ब कार्यान्वयन गर्नु उपयुक्त हुन्छ :

१. नेपाल सरकारले सबै सरोकारवालाहरुसँग गम्भीर परामर्श गरी अविलम्ब मयसापेक्ष र विद्यमान सुरक्षा चुनौतीहरुको सामना गर्न सक्षम राष्ट्रिय सुरक्षा नीति बनाउनु पर्छ। उक्त सुरक्षा नीति र वाह्य तथा आन्तरिक सुरक्षा चुनौतीको प्रवृत्ति र आयामको आधारमा सुरक्षा निकायहरुको सङ्घीय लोकतान्त्रिक गणतन्त्रको भावनाअनुरुप पुनः संरचना गरिनु पर्छ ।

२. रक्षा मन्त्रालयलाई आधुनिक संस्थाका रुपमा रूपान्तरण र यसको स्तरोन्नति गर्नु आवश्यक छ। मन्त्रालयमा सैन्य र रणनीतिक मामिलामा विशेषज्ञताप्राप्त, दक्ष तथा व्यावसायिक अधिकारीहरू हुनुपर्छ । यसले नेपाली सेनामाथि उपयुक्त नागरिक निगरानी सुनिश्चित गर्नेछ । यसका साथै, रक्षा नीति र रक्षा बजेट निर्धारण गर्न र नेपाली सेनाको अनुगमन कार्यमा रक्षा मन्त्रालयको यथोचित संलग्नता हुनुपर्छ ।

३. आन्तरिक सुरक्षाका विषयहरूलाई सम्बोधन गर्न गृह मन्त्रालय सक्षम हुनुपर्छ । व्यापक मानव सुरक्षाको अवधारणालाई राष्ट्रिय सुरक्षा अवधारणामा समावेश गरेर गृह मन्त्रालयले परिवर्तित राजनीतिक परिप्रेक्ष्यमा उपयुक्त नीतिहरू तर्जुमा गर्नुपर्छ ।

४. गृह मन्त्रालय नागरिक र सुरक्षा अधिकारीहरूबीच समन्वय गर्न समर्थ हुनुपर्छ र सुरक्षा निकायलाई अधिक प्रभावकारी ढङ्गले परिचालन गरेर सार्वजनिक सुरक्षाका चुनौतीलाई सम्बोधन गर्नुपर्छ ।

५. सुरक्षा निकायको व्यावसायिकता, पारदर्शिता र जवाफदेहिता वृद्धि गर्न प्रहरी सेवा आयोगअन्तर्गत एउटा स्वतन्त्र सेवा आयोग स्थापना गर्नु प्रासङ्गिक हुनेछ । प्रहरी सेवा आयोग तथा सशस्त्र प्रहरी बल सेवा आयोगजस्ता आयोगले सम्बन्धित सुरक्षा कर्मचारीहरूको भर्ना, स्थानान्तरण, मूल्याङ्कन र पदोन्नतिको जिम्मेवारी वहन गर्नुपर्छ ।

६. नेपाली सेनाको उपयुक्त आकार विस्तृत राष्ट्रिय सुरक्षा नीतिमा आधारित हुनुपर्छ । नेपाली सेनाका गतिविधि अनुगमन गर्न, यसलाई समावेशी तथा नेपाल सरकारप्रति जवाफदेही बनाउन, मानवअधिकारका मौलिक सिद्धान्त र लोकतान्त्रिक मूल्यको भार वहन गराउन नेपाली सेनाको लोकतान्त्रिक नियन्त्रण जरुरी छ। सेनाको व्यावसायिकता र दक्षता सुधार गर्न यसका भौतिक तथा नीतिगत आवश्यकतालाई पनि सम्बोधन गर्नुपर्छ । नागरिक-सेना सम्बन्ध सुदृढ गर्न राष्ट्रिय सुरक्षा परिषद् र रक्षा मन्त्रालयले नागरिक समाज र सैनिक अधिकारीबीच नियमित बैठक र अन्तरक्रिया

गराउनुपर्छ । 'निड टू नो बेसिस (जानकारी आवश्यकताका आधारमा)' नागरिक र सेनाबीच सूचना प्रवाह हुनुपर्छ ।

७. नेपाल प्रहरीलाई केन्द्रीय प्रहरी, प्रदेश प्रहरी र स्थानीय एकाईमा पुनःसंरचित गर्नुपर्छ । उनीहरूका कार्य निर्दिष्ट ढङ्गले परिभाषित हुनुपर्छ । प्रहरीका यी सबै तहबीच समन्वय र सञ्चार गर्न व्यवस्थित सञ्चालन संयन्त्र अनुसरण गर्नुपर्छ ।

८. सशस्त्र प्रहरी बललाई वास्तवमै अर्धसैनिक बलमा रूपान्तरण गर्नुपर्छ । यसका लागि यसका संसाधन र प्रशिक्षणमा थप ध्यान दिनुपर्छ । नेपाल सरकारले नेपाल प्रहरी र सशस्त्र प्रहरी बलको भूमिकामा दोहोरोपना र परस्पर व्याप्तिको अन्त्य गर्नुपर्छ । सरकारले यी दुवै संस्थाको कार्यादिश र कार्यपद्धति प्रस्ट व्याख्या गर्नुपर्छ ।

९. देशको गुप्तचर सेवालाई चुस्त बनाउन राष्ट्रिय अनुसन्धान विभागको व्यापक पुनःसंरचना आवश्यक छ । नेपाल सरकारले विभागको क्षमता तथा दक्षता अभिवृद्धिका लागि थप बजेट विनियोजन गर्नुपर्छ । विभागभित्र स्वच्छ र पारदर्शी प्रतिस्पर्धात्मक भर्ती प्रणालीलाई संस्थागत गर्नुपर्छ । यसले राष्ट्रिय अनुसन्धान विभागका अधिकारीहरूको सामर्थ्य र दक्षता सुनिश्चित गर्नेछ ।

१०. सुरक्षाकर्मीको व्यावसायिकता वृद्धि गर्न सुरक्षाकर्मी उच्च प्रशिक्षित, उत्प्रेरित र साधनसम्पन्न हुनुपर्छ । देश र जनताको सुरक्षा सुनिश्चित गर्न पूर्वाधार, संसाधन, सेवासुविधा, प्रोत्साहन आदिका लागि नेपाल सरकारले सुरक्षा निकायहरूलाई पर्याप्त बजेट विनियोजन गर्नुपर्छ ।

११. सुरक्षा निकायहरुको भूमिका र जिम्मेवारी परिभाषित र सुस्पष्ट गर्न संविधासनसभामा राजनीतिक दलहरूले पर्याप्त बहस गर्नुपर्छ । सुरक्षा निकायहरुको संरचना निर्धारण गर्नका लागि सरकारले सुरक्षा निकाय, नागरिक समाज र सञ्चारजगतसँग व्यापक बहस र परामर्श गर्नु उपयुक्त हुन्छ । उक्त पद्धतिले राजनीतिक दल र सरकारलाई सुरक्षा निकायलाई जनतामुखी संस्थामा रूपान्तरण गर्न सहयोग गर्नेछ । यसले सङ्घीय व्यवस्थामा शान्ति, सामञ्जस्य, लोकतन्त्र, विधि र सुव्यवस्था सुनिश्चित गर्नेछ ।

१२. सङ्घीय लोकतान्त्रिक गणतन्त्र नेपालमा बृहत्तर राष्ट्रिय हितअनुकूल सुरक्षा निकायको उत्तम मोडेल तय गर्न संविधानसभा सदस्यहरूले आफ्ना मतभेद र व्यक्तिगत स्वार्थलाई त्याग्नुपर्छ । परिवर्तित राजनीतिक सन्दर्भ र भविष्यका चुनौतीहरूलाई गम्भीरतापूर्वक मनन गरेर लोकतान्त्रिक मान्यता र सुशासनका मूल्य तथा सिद्धान्तअनुकूल हुने गरी सुरक्षा निकायहरुको भूमिका र संरचनाबारे निर्णय गर्नुपर्छ ।

१३. केन्द्र सरकारलाई सुरक्षा स्थिति अवगत गराउन र क्षेत्रीय तहबाट प्रदेशको द्विपक्षीय मुद्दा सम्बोधन गर्न एउटा अन्तर-प्रदेश सुरक्षा संयन्त्र गठन गर्नुपर्छ । उक्त अन्तर-प्रदेश संयन्त्र अपरित्याज्य विवाद समाधान संयन्त्र प्रमाणित हुनेछ, जसले प्रदेश सरकारहरूलाई स्थानीय तहमा कुनै पनि प्रकारको क्षेत्रीय सङ्घर्ष तथा अशान्तिको सामना गर्न समर्थ बनाउनेछ ।

१४. सुरक्षा निकायका सबै कार्यगत तहमा मानवअधिकार एकाई स्थापना गर्नुपर्छ । मानवअधिकारका विश्वव्यापी सिद्धान्त र यसको

कार्यान्वयन सबै तहका प्रशिक्षण र शिक्षाका पाठ्यक्रमको अभिन्न अङ्ग हुनुपर्छ । मानवअधिकार उल्लङ्घन, लैङ्गिक आधारमा हुने हिंसा र यौन दुर्व्यवहारप्रति सुरक्षा निकायभित्र शून्य सहनशीलताको नीति लागू गर्नुपर्छ । सुरक्षा निकायले महिलाको सहभागितामा वृद्धि गर्न अनुकूल वातावरण सिर्जना गर्नुपर्छ । त्यसै गरी सबै सुरक्षा निकायमा कम प्रतिनिधित्व भएका समुदायको समानुपातिक प्रतिनिधित्व बढाउनुपर्छ ।

१५. विस्तृत राष्ट्रिय सुरक्षा नीति तर्जुमा गर्न र सुरक्षा निकायलाई व्यावहारिक र दक्ष बनाउन सम्बन्धित सरोकारवाला, नागरिक समाजका साथै सर्वसाधारणसँग व्यापक परामर्श गर्नुपर्छ ।

१६. सुरक्षाकर्मीहरूले राष्ट्रसेवाका लागि आफ्नो जीवन समर्पण गरेका हुन्छन् । त्यसैले उनीहरू जनताको सम्मान र सहयोगका हकदार हुन् । त्यसैले नागरिक समाजले सुरक्षा निकायसँग समन्वय गर्नुपर्छ र शान्ति, सामञ्जस्य र सुशासन कायम गर्ने कार्यमा सहभागिता जनाउनु पर्छ ।

१७. सुरक्षा निकायहरूको सञ्चालन र व्यवस्थापनमा नागरिक समाज, सञ्चार माध्यम र सर्वसाधारण अधिक सचेत हुनुपर्छ । उनीहरूले सुरक्षा निकायहरूको सकारात्मक कदमको प्रशंसा गर्न र आवश्यक परेको खण्डमा उनीहरूलाई सतर्क गराउन निरन्तर आवाज उठाइरहनु पर्छ ।

नेपाल नीति अध्ययन प्रतिष्ठान (NIPS) २०६५ मा स्थापित एक अनुसन्धानमूलक प्राज्ञिक संस्था हो । यस संस्थाले - सुरक्षा, अन्तर्राष्ट्रिय सम्बन्ध र लोकतन्त्र गरी तीन क्षेत्रहरुमा आफ्नो अध्ययन केन्द्रित गर्दछ । र, अनुसन्धान, अनुसन्धानमूलक अन्तरक्रिया कार्यक्रम र अनुसन्धानबाट प्राप्त भएका तथ्याङ्कहरु सन्दर्भ सामग्रीका रुपमा प्रकाशन गर्दछ । यस संस्थाले अनुसन्धानका विषयहरुमा राष्ट्रिय एवम् अन्तर्राष्ट्रिय मुद्दाहरुलाई सार्वजनिक नीतिसँग जोडेर तुलनात्मक अध्ययन गर्दछ । साथै, आफ्ना अध्ययन र अनुसन्धानबाट हाँसिल गरेका उपलब्धिहरु राष्ट्रिय तथा अन्तर्राष्ट्रिय कार्यक्रम, सेमिनार र कार्यशाला गोष्ठी; पुस्तक तथा नीति पत्र प्रकाशन जस्ता विभिन्न माध्यमहरुमार्फत प्रवाह गर्दछ । NIPS ले २०६६ मा *बदलिंदो परिवेशमा नेपालका सुरक्षा अवधारणाहरु*, २०६८ मा *नेपालको सुरक्षामा नयाँ चुनौती* र २०७० मा *नेपालमा मानव सुरक्षा : अवधारणा, बहस र चुनौतीहरु* नामक तीन पुस्तक र हालसम्म आठ वटा नीति पत्र प्रकाशन गरिसकेको छ ।

**नेपाल नीति अध्ययन प्रतिष्ठान**
**(Nepal Institute for Policy Studies-NIPS)**
९३ भिमसेन थापा मार्ग,
पुरानो बानेश्वर, का.म.न.पा.-३४
पो.ब.नं.-१४३५२, काठमाडौं, नेपाल
टेलिफोन: ०९७७-१-४४८२५३०
फ्याक्स: ०९७७-१-४४६२८११
इमेल: nips@nipsnepal.org
www.nipsnepal.org

यस नीति पत्रमा प्रकाशित सामग्री जर्नल, समाचार पत्र, म्यागेजिनमा पुनर्मुद्रण गर्न सकिनेछ । तर यसरी प्रकाशित भएका सामग्रीहरुको एक प्रति निप्स कार्यालयमा उपलब्ध गराईदिनु हुन अनुरोध गरिन्छ । यसैगरी आदरणीय पाठक तथा विद्वतवर्गहरुलाई निप्सद्वारा प्रकाशित यस नीति पत्रका बारेमा यहाँहरुको टिप्पणी एवम् अमूल्य सुझावकालागि अनुरोध गरिन्छ ।